सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ फागुन २०८०, बिहीबार (7 Mar 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३१८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पशुपतिनाथमा शिवरात्रिको तयारी तीव्र



शिवरात्रिलाई लक्षित गरी मन्दिर क्षेत्र सजावट, प्रवेशद्वार र अस्थायी आकासेपुल निर्माण, रंगरोगन, सडक व्यवस्थापन, लाइन व्यवस्थापनका लागि डोरी टाँग्ने, शिवपार्वतीको प्रतिमूर्ति निर्माण, साधुसन्तका लागि बसोवास निर्माण लगायतका काम धमाधम भइरहेको छ।

(विस्तृत पृष्ठ ३)

वर्षमानको काँधमा चुनौतीपूर्ण अर्थतन्त्र

१२ वर्षपछि अर्थ मन्त्रालयमा वर्षमान पुनको दोस्रो इनिङ, आन्तरिक अर्थतन्त्र सुधार्ने दबाब



● **केशव आचार्य,** अर्थशास्त्री

बजेटको आकार उहाँ (अर्थमन्त्री पुन)लाई प्रमुख चुनौती हो। स्रोत अनुमान समितिले १८ खर्बको सिलिङ दिएको छ। तर, प्रधानमन्त्रीको प्राथमिकता ठूलो देखिन्छ। सीमित स्रोतमा उहाँको महत्त्वाकांक्षालाई अर्थमन्त्रीले कसरी समेट्न सक्छन् भन्ने हेर्नुपर्ने हुन्छ।

(विस्तृत पृष्ठ ६)

टी-२० विश्वकप तयारीका लागि पाँच करोड निकासा

अमेरिका र वेस्ट इन्डिजमा हुने आइसिसी पुरुष टी-२० विश्वकपको तयारीका लागि सरकारले बुधबार नेपाली टोलीलाई पाँच करोड निकासा गरेको छ

(विस्तृत पृष्ठ ८)



मन्त्रिपरिषद्मा अधिकांश पुरानै अनुहार

२० सदस्यीय मन्त्रिपरिषद्मा तीनजना मात्रै नयाँ, हुन सकेन दलितको प्रतिनिधित्व

■ टिम प्रचण्ड



शपथलगत्तै पदभार, के छन् मन्त्रीहरूका पहिलो निर्णय ?

यातायात क्षेत्रमा देखिएका समस्या र सडकसम्बन्धी निर्माणमा भएको ढिलाइबारे अध्ययन गर्न कार्यदल गठन, विश्वविद्यालयसम्बन्धी ऐन तथा उच्च शिक्षासम्बन्धी कानुनमा सोहीबमोजिमको सुधार गर्न आवश्यक व्यवस्थाका लागि प्रारम्भिक काम अगाडि बढाउनेदेखि एकद्वार प्रणालीबाट श्रमिकका समस्या सुन्न प्रभावकारी कल सेन्टर गर्नेसम्म नयाँ मन्त्रीका निर्णय

■ नयाँ गठबन्धन सरकारमा चार महिलाको प्रतिनिधित्व

प्रेम गौतम, शुरोजंग पाण्डे र केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नयाँ गठबन्धनमा आबद्ध दलहरूलाई समेटेर बुधबार दोस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेका छन्। २० सदस्यीय मन्त्रिपरिषद्मा तीन नयाँ अनुहार आएका छन्, बाँकीले यसअघि पनि मन्त्री-उपप्रधानमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन्। मन्त्रिपरिषद्मा दलित समुदायको प्रतिनिधित्व हुन सकेको छैन।

राष्ट्रपति भवन शीतलनिवासमा शपथ लिएलगत्तै नवनियुक्त मन्त्रीहरू सिंहदरबार पुगेर पदभार सम्हालेका छन्। बुधबार तीन उपप्रधानमन्त्री र १६ मन्त्री नियुक्त भएका हुन्। यसअघि मंगलबार एमाले, माओवादी र रास्वपाबाट एक-एकजनाले मन्त्रीको शपथ लिए पनि मन्त्रालय तोकिएको थिएन।

» पृष्ठ २ मा क्रमशः



नारायणकाजी श्रेष्ठ ३
उपप्रधान तथा परराष्ट्रमन्त्री



विराजभक्त श्रेष्ठ २०
युवा तथा खेलकुदमन्त्री



रवि लामिछाने ४
उपप्रधान तथा गृहमन्त्री



सुमना श्रेष्ठ १९
शिक्षामन्त्री



पुष्पकमल दाहाल प्रचण्ड
प्रधानमन्त्री

वर्षमान पुन ५
अर्थमन्त्री

डोलप्रसाद अर्याल १८
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री



शक्तिबहादुर बस्नेत ६
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री



भानुभक्त जोशी ७
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री



धनबहादुर बुढा १७
सहरी विकासमन्त्री



हरिप्रसाद उप्रेती १६
रक्षामन्त्री



राजेन्द्रकुमार राई १५
खानेपानीमन्त्री



भगवती चौधरी १४
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री



दामोदर भण्डारी १३
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री



हितबहादुर तामाङ ८
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री



रेखा शर्मा ९
सञ्चार तथा सूचना प्रविधिमन्त्री



रघुवीर महासेठ २
उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री



पदम गिरी १०
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री



ज्वालाकुमारी साह ११
कृषि तथा पशुपन्छी विकासमन्त्री

बलराम अधिकारी १२
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री

मन्त्री छान्न आज जसपाको बैठक

नयाँ गठबन्धनका लागि आठबुँदे सहमतिमा हस्ताक्षर गरेको जसपाले बुधबार मन्त्री पठाएको छैन। मन्त्री छान्न जसपाको बैठक बिहीबार बिहान ८ बजे बोलाइएको प्रमुख सचेतक प्रदीप यादवले बताए। जसपालाई स्वास्थ्य र वन मन्त्रालय परेको छ।

मन्त्रालयमा एमालेको 'कम्प्रमाइज'

बजेट र शक्ति परिचालनसँग जोडिएको मन्त्रालयमाथि दाबी छाडेर एमालेले मन्त्रालयमा 'कम्प्रमाइज' गरेको छ, उसको यो 'त्याग' प्रधानमन्त्रीलाई सहज बनाउन वा अन्य विकल्प खुला राख्न भन्ने प्रश्न उठेको छ।

वैकल्पिक गठबन्धनको कसरतमा कांग्रेस

वामपन्थी शक्तिहरू एकीकृत भएकाले लोकतान्त्रिक शक्ति मिलेर सरकार गठनको पहल गर्ने रणनीति



कांग्रेस सभापति शेरबहादुर देउवानिवासमा कांग्रेस, लोसपा, नागरिक उन्मुक्ति र जनमत पार्टीका नेताहरूबीच छलफल

देउवाको प्रस्ताव- लोकतान्त्रिक शक्तिहरू मिलेर जाऔं



प्रधानमन्त्रीबाट धोका भयो। उहाँले विश्वासको मत आर्जन गर्न सक्नुहुन्न। राजनीतिक स्थिरताका लागि हामी एक ठाउँमा उभिनुको विकल्प छैन। सैद्धान्तिक रूपमा ध्रुवीकरण भएको हुनाले लोकतन्त्रप्रति आस्था राख्ने सबै शक्ति मिलेर जानुपर्ने देखियो। अरू शक्तिलाई पनि यसमा समावेश गरेर सरकार बनाउने बाटोमा जाऔं।

सिके राउतको प्रतिक्रिया- विश्वासको मत लिने वेलासम्म हेर्छौं



गठबन्धन टुटेसँगै देशमा सैद्धान्तिक रूपमा ध्रुवीकरण देखिएको छ। वामपन्थीहरूको ध्रुवीकरण देखिएको छ। लोकतन्त्रप्रति आस्था राख्ने सबै शक्ति समेटेर लाने विषयमा छलफल भएको छ। सरकारले विश्वासको मत लिँदासम्म कस्तो रूपमा अगाडि बढ्छ, हेरेर निर्णयमा पुग्छौं।

(विस्तृत समाचार पृष्ठ ३)

■ तीव्र गति, जीवन क्षति !

त्रिशूलीमा बस खस्दा सातको मृत्यु, तीन बेपत्ता

धादिङमा **अर्जुन श्रेष्ठ**

तीव्र गति, जीवत क्षति। ट्राफिक प्रहरीले सचेतनामूलक यो नारा लेखिएका बोर्डहरू विभिन्न राजमार्ग र सहायक सडकहरूमा राख्ने गरेको छ। यसबारे चालकहरूलाई ट्राफिक प्रहरीले वेला-बखत प्रशिक्षण पनि दिने गरेको छ। तर, तीव्र गतिका कारण सवारी दुर्घटना भएर मानवीय क्षतिका घटना निम्तिन छाडेका छैनन्।

तीव्र गतिमा हुइँक्याइएको रात्रिबस बुधबार मिर्मिरमै धादिङको गजुरी गाउँपालिका- ५ घाटबेंसीमा दुर्घटना हुँदा सातजनाले ज्यान गुमाएका छन्। कपिलवस्तुबाट काठमाडौंका लागि छुटेको लु.२ख २१२१ नम्बरको बस बिहान पौने ४ बजेतिर दुर्घटनामा परेकोमा एक महिला र तीन पुरुषको घटनास्थलमै मृत्यु भएको हो।

» पृष्ठ २ मा क्रमशः



१३ महिनापछि गृहमा रविको 'कमब्याक'

मिटरब्याजपीडितका समस्या समाधानदेखि प्रहरी समायोजनसम्म नवनियुक्त गृहमन्त्रीका चुनौती

■ पदभार ग्रहण गर्दै गृहमन्त्री रवि लामिछानेले भने-

कति दिन रहन्छु, कति घण्टा रहन्छु, कति वर्ष रहन्छु, मलाई थाहा छैन, तर जति समय रहन्छु ल एन्ड अर्डर कायम गर्ने प्रतिबद्धताका साथ आएको छु। अघिल्लोपटकभन्दा अझ दृढ र विश्वस्त भएर आएको छु।

कानुनको पालना गर्दा कुनै पनि राजनीतिक दलको, प्रभावकारी संस्थाको इलिगल आदेशलाई गृह मन्त्रालयले टेर्दैन भन्ने स्पष्ट म्यासेज यसपटक दिनुपर्नेछ, कानुनले जे भन्छ त्यही हुन्छ। कानुनभन्दा माथि मेरो एउटा पनि निर्देशन छैन, चाहे त्यो मेरैविरुद्ध किन नहोस्।

निरन्तरताकै सोच बनाएर गृह मन्त्रालय रोजेकोचाहिँ होइन, जे चलिरहेको छ, त्यो चलिरहनुभन्दा अलिकति पृथक् ढंगले आमनागरिकले महसुस गर्न सक्ने हिसाबले आत्मविश्वासका साथ चुनौतीका लागि यो जिम्मेवारी लिने निधो गरेको हुँ।



पदभार ग्रहणका लागि गृह मन्त्रालय प्रवेश गर्दै नवनियुक्त उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछाने १३ महिनापछि गृह मन्त्रालयको कमान्डमा फर्किएका छन्। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

टेकराज थामी/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने १३ महिनापछि गृह मन्त्रालयको कमान्डमा फर्किएका छन्। १० पुस ०७९ मा बनेको माओवादी-एमाले-रास्वपा गठबन्धनमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रहेका लामिछानेको १३ माघ ०७९ मा नागरिकतासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको आदेशबाट सांसदसँगै मन्त्री पद गुमेको थियो। १० वैशाखको उपनिर्वाचनमा चितवन- २ बाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित उनी पुनः यिनै दलको गठबन्धन बनेपछि गृहमन्त्रीमै 'कमब्याक' भएका हुन्।

लामिछानेले यसपटक आफू अझ दृढ र विश्वस्त भएर आएको र कानुन कार्यान्वयनमा कत्ति पनि सम्झौता नगर्ने बताएका छन्। गृह मन्त्रालयमा पदभार ग्रहण गरेपछि उनले कानुन कार्यान्वयनमा कसैको आदेश नमान्न निर्देशन दिए। 'कति दिन रहन्छु, कति घण्टा रहन्छु, कति वर्ष रहन्छु,

» पृष्ठ २ मा क्रमशः



मन्त्रिपरिषद्मा...

पृष्ठ १ बाट क्रमशः

नयाँ गठबन्धन बन्दा चार दल रहेकामा बुधबार एकीकृत समाजवादी पनि सहभागी भएपछि सरकार सुविधाजनक बहुमतमा पुगेको छ। एमालेका ७८, माओवादीका ३२, रास्वपाका २१ र नेकपा एकीकृत समाजवादीका १० सांसद छन्। चार दलको सांसद संख्या १४१ पुग्छ। बहुमतका लागि १३८ सांसद चाहिन्छ। जसपा थपिए सत्तागठबन्धनसँग १५३ सांसद हुनेछन्।

एमालेबाट रघुवीर महासेठ उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात, पदम गिरी कानुन न्याय तथा संसदीय मामिला, हरि उप्रेती, रक्षा, भगवती चौधरी महिला, बालबालिका तथा समाजकल्याण, राजेन्द्र राई खानेपानी, दामोदर भण्डारी उद्योग, ज्वालाकुमारी साह कृषि तथा पशुपक्षी र बलराम अधिकारी भूमि व्यवस्थामन्त्री बनेका छन्।

उनीहरूमध्ये कपिलवस्तुबाट निर्वाचित अधिकारी मात्रै पहिलोपटक मन्त्री बनेका हुन्। उपप्रधानमन्त्री महासेठ तेस्रोपटक मन्त्री बनेका हुन्। एमाले सचिवसमेत रहेका उनी धनुषा- ४ बाट निर्वाचित भएका थिए।

स्वास्थ्यमन्त्री गिरी ०७४ र ०७९ मा लगातार पर्वतबाट निर्वाचित सांसद हुन्। पछिल्लो निर्वाचनपछि प्रचण्ड नेतृत्वकै सरकारमा उनी यसअघि करिब दुई महिना स्वास्थ्यमन्त्री बनेका थिए। बैतडीका उद्योगमन्त्री भण्डारी तेस्रोपटक मन्त्री बनेका हुन्। त्यस्तै, धनकुटाका राई, सुनसरीकी चौधरी, सर्लाहीका उप्रेती र बाराकी साह दोस्रो पटक मन्त्री बनेका हुन्।

माओवादीबाट नारायणकाजी श्रेष्ठ उपप्रधानमन्त्री एवं परराष्ट्र, वर्षमान पुन अर्थ, शक्ति बस्नेत ऊर्जा, रेखा शर्मा सञ्चार र हितबहादुर तामाङ पर्यटनमन्त्री बनेका छन्। श्रेष्ठले यसअघि यही सरकारमा उप्रधानमन्त्रीसहित गृहमन्त्रालय सम्हालेका थिए भने बस्नेत र शर्मा यिनै मन्त्रालयसहित मन्त्री थिए।

माओवादीका वरिष्ठ उपाध्यक्ष एवं राष्ट्रिय सभा सदस्य श्रेष्ठ पाँचौँपटक मन्त्री बनेका हुन्। अर्थमन्त्री पुन माओवादी उपमहासचिव हुन्। रोल्पाबाट निर्वाचित उनी दोस्रोपटक अर्थमन्त्री बनेका हुन्। उनले शान्ति तथा पुनर्निर्माण र ऊर्जा मन्त्रालयको पनि जिम्मेवारी सम्हालिसकेका छन्।

जाजरकोटबाट निर्वाचित ऊर्जामन्त्री बस्नेत पनि माओवादीमा पटक-पटक मन्त्री हुनेमा पर्छन्। सञ्चारमन्त्री शर्माले विगतमा सामान्य प्रशासन मन्त्रालय पनि सम्हालिसकेकी छिन्। पर्यटनमन्त्री तामाङ दोस्रो पटक मन्त्री भएका हुन्।

रास्वपाबाट सभापति रवि लामिछाने उपप्रधान एवं गृह, डिपी अर्याल श्रम, सुमना श्रेष्ठ शिक्षा र विराजभक्त श्रेष्ठ युवा तथा खेलकुदमन्त्री बनेका छन्। सुमना र विराजभक्त पहिलो पटक मन्त्री बनेका हुन्। लामिछाने अघिल्लो वर्ष ४२ दिन उपप्रधानमन्त्रीसहित गृहमन्त्री बनेका थिए। त्यस्तै, रास्वपाका उपसभापतिसमेत रहेका श्रममन्त्री अर्याल यसअघि यही मन्त्रालय सम्हालिसकेका छन। एकीकृत समाजवादीबाट भानुभक्त जोशी संघीय मामिला र धनबहादुर बुढा सहरी विकासमन्त्री बनेका छन्। उनीहरू दुवै दोस्रोपटक मन्त्री बनेका हुन्।

१३ महिनापछि...

पृष्ठ १ बाट क्रमशः

मलाई थाहा छैन, तर जति समय रहन्छु ल एन्ड अर्डर कायम गर्ने प्रतिबद्धताका साथ आएको छु,' उनले भने, 'अघिल्लोपटकभन्दा अझ दृढ र विश्वस्त भएर आएको छु।'

सम्बोधनका क्रममा उनले मुख्य तीन विषयमा जोड दिए- कानुन कार्यान्वयनमा सम्झौता नगर्ने, कर्मचारी तथा प्रहरीको सरुवा-बढुवालाई प्रभावरहित बनाउने र चोरी-तस्करी नियन्त्रण गर्ने। उनले भने, 'कानुनको पालना गर्दा कुनै पनि राजनीतिक दलको, प्रभावकारी संस्थाको इलिगल आदेशलाई गृह मन्त्रालयले टेर्दैन भन्ने स्पष्ट म्यासेज यसपटक दिनुपर्नेछ, कानुनले जे भन्छ त्यही हुन्छ।' अपराध अनुसन्धानमा कसैको दबाब नमान्न उनले प्रहरीलाई निर्देशन दिएका छन्। 'कानुनभन्दा माथि मेरो एउटा पनि निर्देशन छैन, चाहे त्यो मेरैविरुद्ध किन नहोस्,' उनले भने।

चोरी-तस्करीका कारण धेरै व्यवसायी र किसान विस्थापित भएकाले यसको नियन्त्रण आफ्नो प्राथमिकतामा रहेको उनको भनाइ छ। कर्मचारी तथा प्रहरीको सरुवा-बढुवालाई प्रभावरहित बनाउने घोषणा पनि गरेका छन्। सरुवा-बढुवाको चिट बोक्नेहरूलाई सिंहदरबारमै प्रवेश नदिने उनको चेतावनी छ।

गृह मन्त्रालय रोजैरै आफूले लिएको उनले बताए। 'निरन्तरताकै सोच बनाएर गृह मन्त्रालय रोजेकोचाहिँ होइन, जे चलिरहेको छ, त्यो चलिरहनुभन्दा अलिकति पृथक् ढंगले आमनागरिकले महसुस गर्न सक्ने हिसाबले आत्मविश्वासका साथ चुनौतीका लागि यो जिम्मेवारी लिने निधो गरेको हुँ,' उनले भने।

मन्त्रालयका राम्रा कामलाई आफूले निरन्तरता दिने उल्लेख गर्दै उनले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणसम्बन्धी पहिलो निर्णय गरेका छन्। यसअघि गृह मन्त्रालयले अघि बढाएको सो अभियानलाई निरन्तरता दिने उनले बताए।

गत वर्ष १० पुसमा उपप्रधान तथा गृहमन्त्री भएका उनी ३४ दिनपछि पदबाट हट्न बाध्य भएका थिए। विदेशी पिआर लिनुअघि नै रहेको नेपाली नागरिकता प्रयोग गरेकामा अदालतले त्यसलाई अवैध घोषणा गरेपछि उनी सांसदबाट पदमुक्त भएका थिए। पछि नयाँ प्रक्रियाबाट नागरिकता लिई उनी उपनिर्वाचनमार्फत फेरि निर्वाचित भएका हुन्।

पदभार ग्रहणपछि उपप्रधान तथा गृहमन्त्री रवि लामिछानले समस्या बोकेर सर्वसाधारण नागरिक गृह मन्त्रालयसम्म आउनै नपर्ने गरी काम गर्नुपर्नेमा जोड दिए। तर, यही वेला मिटरब्याजपीडितदेखि लघुवित्तका ऋणीहरू विभिन्न जिल्लाबाट काठमाडौं आएर सरकारलाई दबाब दिइरहेका छन्। उनीहरूका माग सम्बोधन गर्नु लामिछानेको पहिलो दायित्व छ।

गृह प्रशासनमा सुधारका अरू दर्जन काम रहेको जानकारहरू बताउँछन्। अत्यधिक चलखेल हुँदा नेपाल प्रहरीमा डिएसपीको बढुवा ६ महिनादेखि रोकिएको छ। डिएसपीलगायतको नियमित सरुवा पनि हुन सकेको छैन। यी सरुवा-बढुवामा उनले कति निष्पक्ष निर्णय गर्न सक्छन्, त्यसले लामिछानेको मूल्यांकन गर्नेछ।

गृह प्रशासनभित्र आफैंमा समस्या छ। सिडिओमा जान मारामार छ, तर सिडिओ कार्यालयमा कर्मचारी जान नचाहने प्रवृत्ति छ। जसकारण सर्वसाधारणले दुःख पाइरहेका छन्। मन्त्रालयमा इमानदारभन्दा पहुँचवालाहरूकै हालीमुहाली रहेकाले कर्मचारीको मनोबल बढाउनुपर्ने दायित्व उनको छ।

अध्यागमन तथा कारागारमा सुधारका काम विगतदेखि नै उठ्दै आए पनि प्रगति हुन सकेको छैन। ठूला घटनाका अनुसन्धानमा अबका दिनमा प्रहरीले कति स्वतन्त्रतापूर्वक काम गर्न पाउँछ त्यसले गृहमन्त्रीको वास्तविक मूल्यांकन हुने एक पूर्वप्रहरी महानिरीक्षक बताउँछन्। बाँसबारी छाला तथा जुत्ता उद्योगको जग्गा हिनामिना, सुन तस्करी, सहकारी ठगीलगायतका ठूला मुद्दामा प्रहरीले गरिरहेको अनुसन्धान अब कसरी अघि बढ्छन् भन्ने धेरैको चासो छ।

प्रहरी समायोजनको अर्को जटिल जिम्मेवारी उनको काँधमा छ। संविधान जारी भएको आठ वर्षसम्म पनि संघीय प्रहरी ऐन आउन सकेको छैन। प्रदेश सरकारहरूले प्रहरी समायोजनका लागि ताकेता गरिरहेका छन्। राष्ट्रिय सुरक्षालाई असर नगर्ने गरी प्रहरी समायोजनसम्बन्धी काम नयाँ गृहमन्त्रीको एउटा मुख्य चुनौती बन्नेछ।

त्रिशूलीमा...

पृष्ठ १ बाट क्रमशः

रुपन्देहीको बुटवल उपमहानगरपालिका-२ की रुबी श्रेष्ठ र काठमाडौंको चन्द्रागिरी नगरपालिका-१० का ५५ वर्षीय बेखा पुडुबर, कपिलवस्तुका महेन्द्र चौधरी, रुपन्देहीका जोगिन्दर यादव, रामकिशोर जैसवाल, नासिर अली र सराजुद्दिन मुसलमानको ज्यान गएको जिल्ला प्रहरी कार्यालय धादिङका डिएसपी सन्तुलालप्रसाद जैसवारले बताए। 'ओभरस्पिड (तीव्र गति)का कारण बस दुर्घटना भएको प्रारम्भिक आकलन छ,' उनले भने।

डिएसपी जैसवारका अनुसार बसमा चालक र सहचालक गरी ५१ जना थिए। दुर्घटनामा घाइते र सकुशल ३९ को उद्धार गरिएको छ। आफन्तहरूले दिएको जानकारीअनुसार नर्मदा सुवेदी, विराज गैरे र प्रकाश पाठक हराइरहेका छन्। हराइरहेकाको गोताखोर टोलीद्वारा खोजी कार्य जारी छ।

अँध्यारो रातमा त्रिशूलीमा खसेको बसको झ्यालबाट निस्किएर अर्यालजस्तै थुप्रैले ज्यान जोगाए। त्रिशूलीमा डुबेको बसको झ्यालबाट पौडिएर ज्यान बचाएका ओमप्रकाश थारूले 'खस्यो खस्यो भनेको सुनेपछि निन्द्राबाट ब्युँझिएको बताए। 'म त सुतिरहेको थिएँ। बसभित्र खैलाबैला भयो। मलाई त्यति मात्रै याद छ। कसरी गाडी पल्टियो, पत्तै भएन। कसरी गाडीबाट निस्किएँ पनि थाहा छैन,' उनले भने, 'गाडीबाट निस्किएपछि भने पौडी खेलेरै ज्यान बचाएँ।' बसचालक रुपन्देही लुम्बिनी संस्कृति नगरपालिका-९ का ३८ वर्षीय हरिराम हरिजनलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग

स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय

गण्डकी प्रदेश, पोखरा

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/२४

प्रस्तुत विषयमा यस कार्यालयबाट निर्माण हुने झोलुङ्गे पुलहरूको लागि विद्युतीय माध्यम (https://bolpatra.gov.np/egp/) बाट मिति २०८०/११/२४ मा बोलपत्र आव्हान गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना (सूचना नं. LIDPO/PKR/IFB/SB/01/080/81) प्रकाशित गरिएको छ।

श्री ग्वासी सामुदायिक वन उपभोक्ता समुह

कृष्णपुर न.पा. ४-मालुवेला, कञ्चनपुर

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको १५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/११/२४

श्री ग्वासी सामुदायिक वन उपभोक्ता समुह कृष्णपुर न.पा.-४ कञ्चनपुरको सामुदायिक वन क्षेत्रबाट उत्पादन भई समुहको घाट गद्धिमा विभिन्न लट बनाई राखिएको साल जातको गोलिया काठ थान २६६ को परिमाण २६६८.२६ क्युफिट र साल जातको दाउरा १७ चट्टा र अन्य जातको दाउरा १ चट्टा समेत जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।

रित पुगेका इच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरि १६औँ दिनको ४ बजे भित्र नियमानुसार प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना २४ गते बिहीबार)

यस विकास बैंक लि.को त्रिपुरेश्वर शाखा कार्यालयबाट उल्लेखित ऋणीले व्यवसायीक आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको सावां, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण

नाम : **युरेशिया म्यानुफ्याक्चर एण्ड एक्स्पोर्ट प्रा.लि.**
अख्तियार प्राप्त व्यक्ति : गणेश घिमिरे
दर्ता नं. : २८२३४७/०७८/०७९
दर्ता मिति : २०७८/१०/१२
स्थायी लेखा नं. : ६१०१९९८५७
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ३

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. नाम : **गणेश घिमिरे**
बाबुको नाम : विष्णु प्रसाद घिमिरे
बाजेको नाम : वाद्रि नाथ घिमिरे
स्थायी ठेगाना : झापा जिल्ला गरामनी गा.वि.स. वडा नं. २
हालको ठेगाना : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ३
ना.प्र.नं. : ३५७४/२५७
जारी मिति र जिल्ला : २०४६/११/०८, झापा

२. नाम : **कुशमा पोखरेल**
बाबुको नाम : काशी राज पोखरेल
पतिको नाम : गणेश घिमिरे
ससुराको नाम : विष्णु प्रसाद घिमिरे
स्थायी ठेगाना : मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ६
हालको ठेगाना : काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ३
ना.प्र.नं. : ५३३
जारी मिति र जिल्ला : २०५७/०९/०७, काठमाडौं

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
१. मिति २०८०/०८/२९ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२. मिति २०८०/१०/०८ को अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (व.मि.)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
युरेशिया म्यानुफ्याक्चर एण्ड एक्स्पोर्ट प्रा.लि.	भक्तपुर जिल्ला बधिकोट न.पा. वडा नं. ४	१७४०	१७८.८३	१६९६ को बाटो	४५५	१७३५, १६९३	१७४१
		१७४१	१५८.९५	१७७४ को बाटो	४५५	१७४०	१७४२
		१६९८	६७.५६	राजकुलो बाटो	१६९९ को मोटर बाटो	१६९२	१७४४
		१६९२	९.९४	राजकुलो बाटो	१६९५ को कच्ची मोटर बाटो	१३९५ को कच्ची मोटर बाटो	१६९८
		१७४४	८३.४६	राजकुलो बाटो	१७०३ को कच्ची मोटर बाटो	१६९८	१७४३ ४१७ १२५५
		१६८९	४१.७३	४१७	१७४२	१७०४ को बाटो र १७४३	१६८८
		१७०१	१५.९०	१७४३	१७४२	१७०४ को बाटो र १७४३	१६८९
		१७४२	११७.२४	१७०१ र १६८९	४५५	१७०४ को बाटो र १७४१	१६८५
		१७४९	१११.२७	१७३८ १७३९	राजकुलो बाटो	१७४८	१७१३
		१७४८	१४३.०६	१७३९	राजकुलो बाटो	राजकुलो बाटो	१७४९

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८०/१२/०८ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय त्रिपुरेश्वरमा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/१२/०९ गते शुक्रबार अर्थात १६ औं दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय त्रिपुरेश्वरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभकर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

हात्तिगौडा,काठमाडौं
बागमती प्रदेश
प्रकाशित मितिः २०८०/११/२४

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

यस कार्यालयको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **Construction of Ward no–06 Building at Budhanilkantha Municipality** को आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना बमोजिम यस कार्यालयको तपशिल बोलपत्रदाताको न्युनतम मुल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ।

सि.नं.	ठेक्काको नाम	बोलपत्रदाताको नाम, ठेगाना	कबोल (अंक मु.अ.क र PS बाहेक)
१	NCB/BNP/CW/080_081/08	Kanchan Construction Company Pvt Ltd, Satdobato-15,Lalitpur	2,57,93,431.99

ब्रजेश्वरी वचत तथा ऋण सहकारी संस्था लि.सुविधानगर,काठमाण्डौंको

ऋण चुक्ता गर्ने बारे ३० दिने अत्यन्त जरुरी सूचना।।।

(नयाँ पत्रिकामा दोश्रो पटक प्रकाशित मिति २०८०/११/२४)

तपसिलको ऋणीले यस संस्थाबाट जग्गा धितोमा राखी घरेलु कार्य प्रयोजनका लागि ऋण लिई सो ऋणको भुक्तानी म्याद समाप्त भई ऋण चुक्ताका लागि पटक पटक टेलिफोन तथा हुलाकबाट रजिष्ट्री गरी पत्रबाट र मिति २०८०/०८/०५ मा प्रथम पटक नयाँ पत्रिकाबाट ताकेता गर्दा समेत ऋणी तथा जमानीले अटेर गरी ऋणको बाँकी वक्यौता रकम बुझाउन नआई ऋण चुक्ता नगरेकोले दोश्रो पटक पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० दिन भित्र यस संस्थालाई भुक्तानी गर्नुपर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत तिर्नु बुझाउनु पर्ने रकम समेत लिई कर्जा चुक्ता गर्न आउनु होला। उक्त म्याद भित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिर्न बुझाउनु पर्ने रकम तिरी, बुझाई सकेको भए सोको प्रमाण पेश नगरे मा निज ऋणीले यस संस्थामा दिएको धितो, सुरक्षण वापत रहेको जग्गाबाट अपुग भएमा ऋणी तथा जमानीको अन्य चल, अचल संपत्तिबाट असुल उपर गरिनेछ। जमानीमा बस्नु भएको व्यक्तिहरुको समेत चल, अचल सम्पत्ति रोक्का गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो ऋण असुल उपर गरिने व्यहोरा यसै सूचनाबाट संबन्धित ऋणी तथा जमानी समेतलाई जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	जमानीको नाम, ठेगाना	
 नाम: धन कुमारी ज्यू ठकुरी पतिको नाम: जङ्ग बहादुर ज्यू ठकुरी ससुराको नाम: बल बहादुर ठकुरी स्थायी ठेगाना: लदाभिर-५,जिल्ला:सिन्धुली अस्थायी ठेगाना: सिनामंगल-९ जिल्ला: काठमाण्डौं।	 नाम: युवराज ठकुरी बाबुको नाम: जङ्ग बहादुर ज्यू ठकुरी बाजेको नाम: बल बहादुर ठकुरी स्थायीठेगाना:लदाभिर-५,जिल्ला:सिन्धुली अस्थायी ठेगाना: सिनामंगल-९ जिल्ला: काठमाण्डौं।	 नाम: प्रविण ठकुरी बाबुको नाम: जङ्ग बहादुर ज्यू ठकुरी बाजेको नाम: बल बहादुर ठकुरी स्थायीठेगाना:लदाभिर-५,जिल्ला:सिन्धुली अस्थायी ठेगाना: सिनामंगल-९ जिल्ला: काठमाण्डौं।

Galchhi Trishuli Mailung Syaphrubeshi Rasuwagadhi Road Project, Nuwakot

Invitation for Bids

Notice No.: 02/GTMSRRP/080/081
Date of Publication: 2080/11/24 (7th March, 2024)

1. Galchhi Trishuli Mailung Syaphrubeshi Rasuwagadhi Road Project invites open competitive biddings (Electronic bids only) from Eligible Bidders for the following works under National Competitive Bidding Procedure.

S. N.	Contract Number	Description and location of work	Estimate Amount in Nrs. (Exclusive VAT)	Bid Security Amount (NRs.)	Bid Security Validity Period	Price of Bid Document (NRs.)	Remarks
1	GTMSRRP/ 337011094/ 080/81-03 (Re)	Construction of PSC Bridge [1x35m] over Sole Khola, Rasuwa.	-	10,00,000.00	120 days from deadline for submission of Bids	5000.00	Single Stage Double Envelope

2. **Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids:-**

Last Date of Purchasing of Bids	Pre-bid meeting	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
On or Before 5th Apr, 2024 (2080-12-23) Office hour	28th Mar, 2024 (2080-12-15) at 11:00 hours at Galchhi Trishuli Mailung Syaphrubeshi Rasuwagadhi Road Project	On or Before 7th Apr, 2024 (2080-12-25) at 12:00 hours	On 7th Apr, 2024 (2080-12-25) at 13:00 hours	Nepal Bank Limited, Nuwakot Office code no:- 337012901 Revenue Account no:- 00101000000001001001 Revenue head no:- 14229	Bank Name: Nepal Bank Limited, Nuwakot Account number - 02601000002003000001 Office Code: 337012901

3. A complete set of bidding document can be downloaded from PPMO's web site www.bolpatra.gov.np/egp. For detail information; eligible bidders may visit Galchhi Trishuli Mailung Syaphrubeshi Rasuwagadhi Road Project Office, Bidur, Nuwakot. (Contact no. 9851127842)

Project Chief

मन्त्रालयमा एमालेको 'कम्प्रमाइज'

बजेट र शक्ति परिचालनसँग जोडिएको मन्त्रालयमाथि दाबी छाडेर एमालेले मन्त्रालयमा 'कम्प्रमाइज' गरेको छ, उसको यो 'त्याग' प्रधानमन्त्रीलाई सहज बनाउन वा अन्य विकल्प खुला राख्न भन्ने प्रश्न उठेको छ।



● **राजेन्द्र गौतम**, स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख

पदाधिकारीमध्ये एकजनाले नेतृत्व गर्ने र बाँकी छोटो समय मात्र काम गर्ने अवसर पाउनुभएका पुरानै साथीहरूलाई दोहोऱ्याउने पार्टी नीतिअनुसार मन्त्री छनोट भएको हो। हामीले मन्त्री छनोटको अधिकार सचिवालय बैठकबाट अध्यक्षलाई दिएका थियौँ, उहाँले अब पार्टीलाई जानकारी गराउनुहुनेछ।

यस्ता छन् नवनियुक्त मन्त्रीहरूका पहिलो निर्णय



नवनियुक्त मन्त्रीहरूलाई बुधबार शीतलनिवासमा पद तथा गोपनीयताको शपथ गराउँदै राष्ट्रपति रामचन्द्र पौडेल। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

शुरोजंग पाण्डे/नयाँ पत्रिका

सत्तारूढ गठबन्धनको ठूलो दल एमालेले मन्त्रालय बाँडफाँटमा सम्झौता गरेको छ। बजेट र शक्ति परिचालनसँग जोडिएको मन्त्रालयमाथि दाबी छाडेर एमाले सचिव रघुवीर महासेठको नेतृत्वमा सरकारमा सामेल भएको छ। एमाले नेताहरूले नयाँ गठबन्धनको स्थायित्वका लागि सरकारमा सामेल अन्य दलहरूको रुचि र प्रधानमन्त्रीलाई बलियो बनाउने गरी यस्तो निर्णय लिइएको बताएका छन्।

प्रधानमन्त्रीपछिको दोस्रो वरीयतामा उपप्रधानमन्त्रीसहित महासेठ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसहित पार्टीबाट सामेल नौजना मन्त्रीको नेतृत्व गर्दै सरकारमा सामेल भएका छन्। महासेठ ०७४ को निर्वाचनपछि तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारमा छोटो समय उपप्रधानमन्त्री बनेका थिए।

पछिल्लो चुनावपछि प्रचण्ड नेतृत्वको सरकारमा महत्त्वपूर्ण अर्थ मन्त्रालय लिएको एमालेले प्रधानमन्त्रीलाई सहज बनाउने गरी दाबी छाडेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लिएको छ। अन्य दुई महत्त्वपूर्ण मानिने गृह र परराष्ट्र मन्त्रालयको दाबी पनि छाडेको छ। गृह गठबन्धनको तेस्रो महत्त्वपूर्ण घटक रास्वपाले लिएको छ भने परराष्ट्र मन्त्रालय माओवादी केन्द्रले लिएको छ।

प्रत्यक्ष निर्वाचित सांसदसमेत रहेका पार्टीको पोर्टफोलियोमा माथि रहेका उपाध्यक्ष विष्णु पौडेल र उपमहासचिव पृथ्वीसुब्बा गुरुङभन्दा जुनियर सचिव महासेठलाई एमाले अध्यक्ष ओलीले पार्टीका तर्फबाट सरकारमा नेतृत्वका लागि अवसर दिएका छन्। उनी तेस्रोपटक मन्त्री बनेका छन्। उनी एमालेमा भूराजनीतिक सन्तुलनका लागि भूमिका खेल्ने नेताका रूपमा चिनिन्छन्।

शक्ति परिचालनसम्बन्धी मन्त्रालय लिनेभन्दा पनि प्रधानमन्त्रीलाई सहज हुने गरी मन्त्रालय बाँडफाँटमा सहयोगी भूमिका खेल्ने अध्यक्ष ओलीको नीति भएकाले अर्थमन्त्री भइसकेका पौडेललले प्रभावशाली मन्त्रालय नपाउने भएपछि नेतृत्वका लागि रुचि राखेनन्। पौडेल नहुँदा गुरुङलाई नेतृत्वमा पठाउने विकल्पबारे छलफल भए पनि मधेशको समेत प्रतिनिधित्व गराउनुपर्ने र छोटो समय मात्र अवसर पाएका पुरानै अनुहार पठाउने ओलीको निर्णयले उनले अवसर पाएनन्।

स्थायी समिति सदस्य तथा प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले पार्टीबाट पदाधिकारीमध्ये कुनै एकले सरकारको नेतृत्व गर्ने र छोटो समय मात्र अवसर पाएका पुरानै अनुहारलाई पठाउने नीतिअनुसार मन्त्रीहरूको छनोट भएको बताए। 'पदाधिकारीमध्ये एकजनाले नेतृत्व गर्ने र बाँकी छोटो समय मात्र काम गर्ने अवसर पाउनुभएका पुरानै साथीहरूलाई दोहोऱ्याउने पार्टी नीतिअनुसार मन्त्री छनोट भएको हो,' गौतमले नयाँ पत्रिकासँग भने, 'हामीले मन्त्री छनोटको अधिकार सचिवालय बैठकबाट अध्यक्षलाई दिएका थियौँ, उहाँले अब पार्टीलाई जानकारी गराउनुहुनेछ।'

गठबन्धन फेरिँदा करिब तीनमहिने छोटो अवधि मन्त्री बनेर फालिएका सातजना पुरानै अनुहारलाई एमालेले सरकारमा पठाएको छ। कपिलवस्तु १ बाट निर्वाचित बलराम अधिकारी अघिल्लो सरकारमा सामेल नभएका नयाँ अनुहार हुन्।

एमालेकै एक पदाधिकारीले मन्त्री र मन्त्रालयभन्दा पनि मुख्य कुरा मुलुकमा स्थायित्व हुने गरी राजनीतिक दिशा दिने कुरा नै महत्त्वपूर्ण भएकाले प्रधानमन्त्रीलाई सहज हुने गरी बाँडफाँटमा कम्प्रोमाइज गरिएको बताए। 'मुख्य कुरा देशमा स्थायित्व हुने गरी राजनीतिलाई दिशा दिने कि नदिने भन्ने प्रश्न हो, त्यस सन्दर्भमा मन्त्री र मन्त्रालय गौण कुरा थियो, त्यसैले अध्यक्षले प्रधानमन्त्रीलाई सहज हुने गरी कम्प्रोमाइज गर्नुभएको हो,' ती पदाधिकारीले भने, 'हामीले कम्प्रोमाइज गर्दा बाँडफाँटमा सहज भएको र गठबन्धन स्थायित्वको दिशामा गएको छ।'

प्रचार विभाग प्रमुख गौतमले भने पार्टीले शक्ति परिचालनभन्दा पनि विकाससँग जोडिएको मन्त्रालयलाई प्राथमिकता दिएको बताए। 'हामीले शक्ति परिचालनभन्दा पनि विकाससँग जोडिएको भौतिक पूर्वाधारलगायतका मन्त्रालय लिएका छौँ। मुख्य कुरा मन्त्रालयभन्दा पनि काम गर्न जाने हो, हाम्रा साथीहरूले राम्रो पर्फर्मेन्स गर्नुहुनेछ भन्ने पार्टीले अपेक्षा राखेको छ,' गौतमले नयाँ पत्रिकासँग भने।

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारका नवनियुक्त मन्त्रीहरूले बुधबार पदबहाली परेका छन्। सिंहदरबारस्थित मन्त्रालय पुगेर पदभार ग्रहण गर्दै उनी पहिलो निर्णय गरेका हुन्।

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्रीले नारायणकाजी श्रेष्ठले नेपाल र डोमेनिकन रिपब्लिकबीच द्विपक्षीय परामर्श संयन्त्र गठन गर्ने पहिलो निर्णय गरेका छन्।

उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले यातायात क्षेत्रमा देखिएका समस्या र सडकसम्बन्धी पूर्वाधार निर्माणमा भएको ढिलाइबारे अध्ययन गर्न सहसचिवको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेका छन्। १५ दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्न कार्यदललाई निर्देशन दिइएको छ।

अर्थमन्त्री वर्षमान पुनले हरित जलवायु कोष (जिसिएफ)को 'कन्ट्री प्रोग्राम'अन्तर्गत पाइपलाइनमा रहेका आयोजनाको अद्यावधिक गर्ने, हरित जलवायु कोषमार्फत सञ्चालन हुने आयोजनालाई दिगो र पूर्वाधारयुक्त बनाउन सम्बन्धित विषयगत मन्त्रालय र दातृ निकायलाई मार्गनिर्देश गर्ने, जलवायु कोषहरूबाट प्राप्त हुने स्रोत (अनुदान तथा सहुलियतपूर्ण सहायता)लाई मिलाई गरी सरकारी तथा निजी क्षेत्रलाई समेत परिचालन गर्ने निर्णय गरेका छन्। 'अर्थतन्त्रमा संकट नै होइन। चलायमान कम भएको हो, खास-खास क्षेत्रमा। चुनौती छन्। प्रधानमन्त्रीजीले मुख्य कामका रूपमा खासगरी आर्थिक समृद्धि, सुशासन, सामाजिक न्याय कायम गर्ने प्राथमिकता निर्धारण गर्नुभएको छ। नयाँ सहकार्यले त्यसैलाई नै आत्मसात् गरेको छ', पुनले भने।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतले मन्त्रालयको जनरल नेटवर्क एक्सेस फ्रेमवर्कको अधीनमा रहेर विस्तृत रूपमा जनरल नेटवर्क एसेससम्बन्धी निर्देशिका तयार गर्ने निर्णय गरेका छन्।

रक्षामन्त्री हरिप्रसाद उप्रेतीले क्षमता विकाससँग सम्बन्धित तालिमका लागि सेनाका अधिकृतलाई जर्मनी पठाउने पहिलो निर्णय गरेका छन्।

सञ्चारमन्त्री रेखा शर्माले नेपालमा ब्यान्डविथ प्लेटफर्म (अन्तर्राष्ट्रिय इन्टरनेट गेटवे)को सम्भावना अध्ययनका लागि समिति गठन गर्ने निर्णय गरेकी छन्।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले सुर्खेतको कालिका माविका लागि ६ रोपनी वनको जग्गाको भोगाधिकार र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनका लागी राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरेका छन्।

कृषि तथा पशुपक्षी विकासमन्त्री ज्वालाकुमारी साहले पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कार्यान्वयन गर्नेसम्बन्धी कार्यविधि स्वीकृत गरेकी छन्। मन्त्रालयले गत आवदेखि सञ्चालन गरेको यो परियोजनाको कार्यान्वयनबाट पहाडी तथा हिमाली क्षेत्रमा १० हजार हेक्टर क्षेत्रफलमा फलफूल खेती विस्तार गर्ने योजना बनाएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डिपी अर्यालले एकद्वार प्रणालीबाट श्रमिकको समस्या सुन्न प्रभावकारी कल सेन्टर स्थापना गर्ने। र, मलेसियासँगको श्रम सम्झौता नवीकरणका लागि प्रक्रिया अघि बढाउने निर्णय गरेका छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले हवाई नीति-२०६३ संशोधन गर्न सुझाव दिनका लागि सम्बन्धित महाशाखा प्रमुख एवं सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा कार्यदल गठन गर्ने निर्णय गरेका छन्।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले मन्त्रालयअन्तर्गतका सातवटा महाशाखा र विभिन्न निकायमा रहेका कर्मचारीको दरबन्दी नबढ्ने गरी समायोजन गर्न सुझावसहितको अध्ययन गरी प्रतिवेदन तयार गर्ने पहिलो निर्णय गरेका छन्।

युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले खेलाडीहरूलाई खेल मैदानसँग जोडिरहन, मनोबल बढाउन र खेलमार्फत राष्ट्रको गरिमा उच्च राख्न, राष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगितालाई व्यावसायिक बनाउन तालिका क्यालेन्डरसहितको कार्ययोजना बनाई समन्वयात्मक रूपमा कार्यान्वयन गर्न खेलकुद विकास ऐन २०७७ को दफा ५१ बमोजिम राष्ट्रिय खेलकुद परिषद्लाई निर्देशन दिने निर्णय गरेका छन्।

शिक्षामन्त्री सुमना श्रेष्ठले नेपाली युवालाई नेपालमै गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न त्रिभुवन विश्वविद्यालयलगायत संघीय कानुनअन्तर्गत स्थापना तथा सञ्चालनमा रहेका मौजुदा तेह्रवटा विश्वविद्यालयमध्ये एघारवटा विश्वविद्यालयमा रहेको कुलपति तथा सहकुलपतिको व्यवस्थालाई समसामयिक रूपमा परिमार्जन गरी विश्वविद्यालयको नेतृत्व प्राज्ञिक तथा विज्ञ व्यक्तित्वबाट हुने गरी कानुनी प्रबन्ध गर्न आवश्यक भएकाले मौजुदा विश्वविद्यालयसम्बन्धी ऐन तथा उच्च शिक्षासम्बन्धी कानुनमा सोही बमोजिमको सुधार गर्न आवश्यक व्यवस्थाका लागि प्रारम्भिक काम कारवाही अगाडि बढाउने निर्णय गरेकी छन्।

वैकल्पिक गठबन्धनको कसरतमा कांग्रेस

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

अप्रत्याशित राजनीतिक घटनाक्रमसँगै गठबन्धन भत्किएपछि विपक्षी बेन्चमा पुगेको कांग्रेसले वैकल्पिक गठबन्धनको कसरत थालेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट धोका भएको निष्कर्ष निकालेको कांग्रेस, सरकारले विश्वासको मत लिने वेलासम्म वैकल्पिक गठबन्धन गराउने गरी दौडधुपमा लागेको हो।

कांग्रेस कार्यसम्पादन समिति बैठकले मंगलबार गठबन्धन तोडिनु अप्रत्याशित धोका रहेको र नयाँ गठबन्धन निर्माणले राजनीतिक अस्थिरताको सिर्जना गरेको विश्लेषण गर्दै सशक्त र प्रभावकारी प्रतिपक्षको भूमिका निभाउने निर्णय गरेको थियो। तर, बुधबार कांग्रेसको मूल नेतृत्व वैकल्पिक गठबन्धन बनाउन दौडधुपमा व्यस्त देखियो। यति मात्र होइन, संवाद जारी राख्ने कांग्रेस नेताहरूले बताएका छन्।

बुधबार बिहान सभापति शेरबहादुर देउवा पत्नी आरजु राणा देउवा र प्रमुख सचेतक रमेश लेखकलाई लिएर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई भेट्न उनको निवास कोटेश्वरमा पुगेका थिए। बिरलै अरूको घर धाउने देउवाको नेपालको स्वास्थ्य अवस्था बुझ्न भन्दै उनको घरमा पुगेपछि नयाँ गठबन्धनका नेताहरू पनि झस्किए।

सोमबार प्रधानमन्त्री प्रचण्ड एक्लैले र मंगलबार एमाले अध्यक्ष केपी ओलीसहित नेपालसँग भेट गरेका थिए। भोलिपल्टै कांग्रेस सभापति देउवाले नेपाललाई भेट्नु सशक्त र प्रभावकारी प्रतिपक्षको भूमिका निभाउने निर्णयसँग मेल खाने खालको थिएन।

भेटमा सहभागी लेखकले परिवर्तित राजनीतिक अवस्थाबारे छलफल भएको र भेटलाई निरन्तरता दिने प्रतिक्रिया दिए। 'भेटमा परिवर्तित राजनीतिक विषयमा कुराकानी भयो। कुराकानी सकारात्मक भएको छ, यसलाई निरन्तरता दिन्छौँ,' भेटपछि कांग्रेस नेता लेखकले भने।

स्रोतका अनुसार नेपालसँग सभापति देउवाले सरकारमा जान हतार नगर्न भनेका थिए। उनले प्रधानमन्त्री प्रचण्डले धोका दिएको भन्दै पूर्वगठबन्धनका बाँकी घटक एक ठाउँमा रहनुपर्ने आवश्यकता रहेको बताएका थिए। यस क्रममा जसपा र एकीकृत समाजवादी, जनमोर्चा सरकारमा जान हतार गर्न नहुने देउवाको भनाइ थियो।

भेटमा अध्यक्ष नेपालले पनि प्रचण्डले जानकारी नदिई गठबन्धन भत्काएको भन्दै असन्तुष्टि जनाएका थिए। साथै, पूर्वगठबन्धनको साथ रहन सकारात्मक रहेको जवाफ दिएका थिए। देउवासँगको भेटपछि बसेको एकीकृत समाजवादीको पाँच घण्टा लामो सचिवालय बैठकले सरकारमा जान पाँचबुँदे सर्त अगाडि सारेको थियो। त्यसपछि साँझ अध्यक्ष नेपाल बालुवाटार पुगेर प्रधानमन्त्रीलाई दुई मन्त्रीको नाम बुझाए।

महामन्त्री गगन थापाले कांग्रेस प्रतिबद्ध रहँदारहँदै पनि माओवादीबाट धोका भएकाले सबै विकल्प खुला राखेर छलफलमा जुटेको बताए। अन्य शक्तिसँग संवाद र समझदारी बनाउने प्रयास भइरहेको उनको भनाइ छ।

'माओवादीले गठबन्धन भत्काएकाले हाम्रा लागि पनि सबैखाले विकल्प जायज भएका छन्। संसद् को अंकगणितका कारण बहुमत नपुगेको परिस्थितिमा कांग्रेसले के गर्नुपर्छ के गर्न सक्दछ र के गर्न हुन्छ भन्नेमा हामी सचेत छौँ,' एक भिडियो क्लिप सार्वजनिक गर्दै थापाले भनेका छन्, 'यो सरकार बन्छ बन्दैन, त्यो पनि हेरिरहेका छौँ। महत्त्वपूर्ण कुरा राजनीतिलाई निरन्तर अस्थिर बनाइराख्ने र च्याँखे थापिराख्ने शक्तिलाई ठीक ठाउँमा पुऱ्याउनुपर्छ। यसका निम्ति उपयुक्त समयमा उपयुक्त शक्तिसँग कसरी संवाद गर्ने र समझदारी बनाउने भन्नेमा हामी सचेत पनि छौँ र हामी काम पनि गरिरहेका छौँ।'



प्रधानमन्त्रीले विश्वासको मत लिने वेलासम्म वैकल्पिक गठबन्धनमा बहुमत पुऱ्याउन राप्रपासहितका शक्तिसँग सहकार्यको योजना

अर्कोतिर शीतलनिवासमा मन्त्रीहरूको शपथ तयारी चलिरहँदा देउवानिवास बुढानीलकण्ठमा लोसपा अध्यक्ष महन्थ ठाकुर, जनमत अध्यक्ष सिके राउत र नागरिक उन्मुक्तिका अध्यक्ष रेशम चौधरीसँग कांग्रेस नेताहरू संवादमा थिए। सभापति देउवाले आफैँले टेलिफोन सम्पर्क गरेर ती दललाई निवासमै संवादका लागि बोलाएका थिए। छलफलमा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री थापा, प्रमुख सचेतक लेखक र नेता शेखर कोइराला सहभागी थिए।

जनमतका अध्यक्ष राउतका अनुसार समावेशी लोकतान्त्रिक शक्ति बनाउने विषयमा छलफल केन्द्रित थियो। गठबन्धन टुटेसँगै सैद्धान्तिक रूपमा ध्रुवीकरण देखिएको र लोकतान्त्रिक शक्तिलाई समेटेर लाने विषयमा छलफल भएको उनले बताए। 'गठबन्धन टुटेसँगै देशमा सैद्धान्तिक रूपमा ध्रुवीकरण देखिएको छ। वामपन्थीहरूको ध्रुवीकरण देखिएकाले केही एजेन्डा फरक भए तापनि राप्रपालाई पनि रिझाएर बन्न सकिन्छ कि भन्ने छ। लोकतन्त्र जोगाउन लोकतन्त्रप्रति आस्था राख्ने सबै शक्ति समेटेर लाने विषयमा छलफल भएको छ। यसमा अरू दललाई पनि समेटेर जाने भनेका छौँ। सरकारले विश्वासको मत लिँदासम्म कस्तो रूपमा अगाडि बढ्छ, हेरेर निर्णयमा पुग्छौँ,' राउतले भने।

बैठकमा देउवाले लोकतान्त्रिक शक्ति मिलेर सरकार गठनको पहलका लागि प्रस्ताव गरेका थिए। देउवाले प्रधानमन्त्री प्रचण्डले विश्वासको मत आर्जन गर्न नसक्ने अवस्था आउने जिकिर गरेका थिए। 'प्रधानमन्त्रीबाट धोका भयो। उहाँले विश्वासको मत आर्जन गर्न सक्नुहुन्न। राजनीतिक स्थिरताका लागि हामी एक ठाउँमा उभिनुको विकल्प छैन,' छलफलमा देउवाले राखेको प्रस्तावबारे राउतले भने, 'सैद्धान्तिक रूपमा ध्रुवीकरण भएको हुनाले लोकतन्त्रप्रति आस्था राख्ने सबै शक्ति मिलेर जानुपर्ने देखियो। अरू शक्तिलाई पनि यसमा समावेश गरेर सरकार बनाउने बाटोमा जाऔँ।'

लोसपा नेता डा. सुरेन्द्र भाले कांग्रेससँगको छलफलमा पुराना गठबन्धनका घटकलाई समेत समेटेर नयाँ शक्ति बनाउनेबारे छलफल भएको बताए। 'हामी निर्वाचनमा सँगै थियौँ। निर्वाचनलगत्तै एमालेसँग मिलेर पुरानो गठबन्धन ब्युँताउँदा पनि हामीले प्रचण्डजीलाई सहयोग गरेका हौँ। तर, उहाँले अप्रत्याशित रूपमा गठबन्धन तोड्नुभयो,' उनले भने, 'जे जति कारण देखाइएको छ, त्यसमा सत्यता छैन। हामी एकैठाउँमा बसेर काम गर्ने वातावरण बनाउनुपर्छ भनेर बैठक बोलाइएको थियो। प्रधानमन्त्रीले पनि बोलाउनुभएको छ, देउवाजीसँग पनि छलफल चलेको छ। हामी छलफलमा नै छौँ। कांग्रेसको मुभपछि सरकारमा जाने निर्णय गरिसकेको जसपासमेत अनिर्णीत छ।

पशुपतिनाथ मन्दिरमा शिवरात्रिको तयारी तीव्र

शिवहरि घिमिरे/नयाँ पत्रिका

शिवरात्रि नजिकिएसँगै पशुपतिनाथ मन्दिर क्षेत्र सौन्दर्यीकरणले तीव्रता पाएको छ। शिवरात्रि (२५ फागुन) लाई लक्षित गरी मन्दिर क्षेत्र सजावट, प्रवेशद्वार र अस्थायी आकासेपुल निर्माण, रंगरोगन, सडक व्यवस्थापन, लाइन व्यवस्थापनका लागि डोरी टाँग्ने, शिवपार्वतीको प्रतिमूर्ति निर्माण, साधुसन्तका लागि बसोवास निर्माणलगायतका काम धमाधम भइरहेको छ। शिवरात्रिलाई व्यवस्थित बनाउन पशुपति क्षेत्र विकास कोषले मूल समारोह आयोजक समिति गठन गरेको छ।

कोषका प्रवक्ता रेवतीरमण अधिकारीका अनुसार चारवटा प्वाइन्टबाट भक्तजन लाइन लाग्न सक्नेछन् भने बिहान २ बजेदेखि नै मुख्य मन्दिरको ढोका खुल्नेछ। यस दिन अत्यधिक भिड हुने भएकाले मन्दिरभित्र धेरै समय लगाएर दर्शन गर्न दिइनेछैन। एक मिनेटमा कम्तीमा एक सयजनाले दर्शन गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि एकपटकमा नौजनाले मन्दिरको दर्शन गर्न सक्नेछन्। 'गत वर्षभन्दा यसपटक थप व्यवस्थित बनाउँदै छौँ,' प्रवक्ता अधिकारीले भने, 'भक्तजनले मन्दिर प्रवेश गरेर धेरै समय लगाउन पाउनुहुन्न, दर्शन गरेर छिटो फर्किनुपर्नेछ।'

■ १० लाखको बत्तीले सजिँदै पशुपति क्षेत्र

कोषले यसपटक फूल र बत्तीको सजावटसँगै सबैखाले व्यवस्थापनका लागि एक करोड बजेट विनियोजन गरेको छ। यसबाहेक दाताले आर्थिक सहयोगसमेत गर्ने जनाइएको छ। मन्दिरआसपास र गेटमा सजावट गर्न कोषले ३० लाखको फूल प्रयोग हुने आकलन गरेको छ। यस्तै, १० लाख हाराहारीको बत्ती प्रयोग हुनेछ। बिहानैदेखि भक्तजनको भिडभाड हुने भएकाले चहकिला लाइट जडान गरिनेछ।

■ राष्ट्रपति पनि हिँडेरै जाने

महाशिवरात्रिमा पशुपतिनाथ दर्शनका लागि पुग्ने भिभिआइपीको सवारीसाधन मन्दिर परिसरमा प्रवेश गर्न पाउनेछैनन्। कोषका अनुसार राष्ट्रपति रामचन्द्र पौडेल शुक्रबार दिउँसो दर्शनका लागि मन्दिर आउने निश्चित भइसकेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भने निधो गरेका छैनन्। अन्य उच्चपदस्थ व्यक्ति पनि मन्दिर दर्शनका लागि आउने बताइएको छ।

■ चारै ढोकाबाट प्रवेश पाइने

कोषले शिवरात्रिको मुख्य आकर्षण दर्शन नै भएकाले यसका लागि सहज व्यवस्था मिलाएको दाबी गरेको छ। चारवटा प्लाइट तिलगंगा, गौशाला प्रहरी वृत्त अगाडि, जयवागेश्वरी र एयरपोर्टतर्फका प्वाइन्टबाट भक्तजन लाइनमा बस्नेछन्। वृद्धवृद्धा, फरक क्षमता भएकालगायतलाई लाइन लाग्नुपर्ने व्यवस्था गरिएको छैन। २५ फागुन बिहान २ बजेदेखि २६ फागुन बिहान ६ बजेसम्म दर्शन गर्न सकिने व्यवस्था मिलाइएको छ। महाशिवरात्रिका दिन यसपटक पाँच हजारजना सुरक्षाकर्मी परिचालन हुने कोषका प्रवक्ता अधिकारीले जानकारी दिए। उनका अनुसार कोषका सदस्यसचिवको संयोजकत्वमा सुरक्षा व्यवस्था उपसमिति गठन गरिएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान प्रहरी र सेनालाई शान्ति-सुरक्षाको जिम्मेवारी दिइएको छ। नेपाल प्रहरी र सेनाले खोजखबर कक्षसमेत स्थापना गर्नेछ। यस वर्ष करिब दुई हजार पाँच सय साधुसन्त पशुपतिनाथ क्षेत्रमा आउनेछन्।

गैर बैंकिङ्ग सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति २०८०/११/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले निम्न लिखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकमा सम्पर्क राखी तपसिलमा उल्लेखित सम्पत्तिको खरिद गरि लिन चाहेको मूल्य प्रष्टसँग उल्लेख गरी यस विकास बैंकको केन्द्रिय कार्यालय वा शाखा कार्यालयहरुमा रितपुर्वकको गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ।

तपसिल

बिक्री गरिने गैर बैंकिङ्ग सम्पत्तिको विवरण :

क्र.सं.	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	कैफियत
१.	मोरङ्ग	वयरवन	९	४२७	०-१-८-२ (वि.क.धु)	घरजग्गा
२.	मोरङ्ग	वयरवन	९	६०५	०-१-०-० (वि.क.धु)	जग्गा
३.	झापा	दमक	१३	१२०	३५४.४० (व.मी)	जग्गा
४.	झापा	दमक	१३	१२१	२०३ (व.मी)	जग्गा
५.	खोटाङ्ग	दिक्तेल	१	२३८४	०-३-०-१ (रो.आ.पै.दा)	जग्गा
६.	खोटाङ्ग	खाल्ले	१	५४८	०-५-०-० (रो.आ.पै.दा)	जग्गा
७.	प्युठान	दाखाक्वाडी	५	२१९	३-१४-२-१ (रो.आ.पै.दा)	जग्गा
८.	प्युठान	धुवाङ्ग	४	५९१	२-६-०-१ (रो.आ.पै.दा)	जग्गा
९.	प्युठान	धुवाङ्ग	४	५९५	२-१३-०-० (रो.आ.पै.दा)	जग्गा
१०.	प्युठान	धुवाङ्ग	४	८३७	८६५ (व.मी.)	जग्गा
११.	प्युठान	पकला	६	५८८	०-१-३-० (रो.आ.पै.दा)	जग्गा
१२.	प्युठान	पकला	६	५८६	०-१-३-० (रो.आ.पै.दा)	जग्गा
१३.	प्युठान	पकला	८	७८४	५-२-२-१ (रो.आ.पै.दा)	जग्गा
१४.	प्युठान	पकला	८	७८५	१२-९-२-२ (रो.आ.पै.दा)	जग्गा
१५.	कञ्चनपुर	त्रिभुवनवस्ती	५	१५६	१३६९५ (व.मी.)	जग्गा
१६.	कैलाली	मौरनिया	२	५०७	२९२८.७४ (व.मी.)	जग्गा
१७.	कैलाली	मौरनिया	८	२१६४	५८०७.६७ (व.मी.)	जग्गा
१८.	कैलाली	महादेउली	१	११०४	५०७९.५९ (व.मी)	जग्गा
१९.	कैलाली	मनिकापुर	५	१५४७	२०३१.८४ (व.मी.)	जग्गा
२०.	काठमाडौं	नयाँ नैकाप	३	९३	११६३.६० (व.मी.)	घरजग्गा
२१.	ललितपुर	बाडेगाउँ	९	३४२	७८२.९४ (व.मी.)	घरजग्गा

बोलपत्र सम्बन्धी शर्त एवं जानकारी :

१. गोप्य शिलबन्दी बोलपत्र आवेदन मिति २०८०/११/३० गते सम्म कार्यालय समयभित्र यस विकास बैंकको केन्द्रिय कार्यालय वा शाखा कार्यालयहरुमा दर्ता भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम एक प्रतिको रु. ५००/- (अक्षरेपी पाँच सय मात्र) यस विकास बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाडौं तथा शाखा कार्यालयहरुमा उपलब्ध छ। बोलपत्र फारममा आवश्यक विवरण खुलाई खामबन्दी गरी खाम बाहिर **"गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** उल्लेख भएको हुनुपर्नेछ।

३. प्राप्त हुन आएको गोप्य शिलबन्दी बोलपत्रहरु मिति २०८०/१२/०२ गते शुक्रबार दिउँसो १:०० बजे देखि यस विकास बैंकको केन्द्रिय कार्यालयमा सरकारी प्रतिनिधि वा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ।

४. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने धरौटी रकम यस विकास बैंकको खाता नं. १५०४०१८०००००२ मा जम्मा गरिएको भौचरको सक्कलै पेश गर्नु पर्नेछ।

५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु समेत लागु हुनेछ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



खस्कँदो मनोबल उकास्ने कसरी ?

खस्केको मनोबल उच्च गर्न सकियो भने नेपालको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा प्रगति, समृद्धि र स्थिरताको प्रचुर सम्भावना छ



● प्रेमराज सिलवाल

अग्रलेख

खस्केको मनोबल (डाउन मोरल) प्रगति र समृद्धिको बाधक हो । हारेको र कमजोर मनस्थिति तथा खस्केको मनोबलबाट अघि बढ्दा कोही पनि लक्ष्यमा पुग्न सक्दैन । वर्तमान नेपालको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक, प्राविधिक, भौतिक र समग्र विकासमा मनोबल खस्कन पुग्दा सर्वत्र निराशा, कमजोरी र अविश्वास बढ्दै गएको छ । खस्केको मनोबललाई उच्च गर्नु सर्वाधिक चुनौतीपूर्ण देखिएको छ । खस्केको मनोबल उच्च गर्न सकियो भने नेपालको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा प्रगति, समृद्धि र स्थिरताको सम्भावना देखिन्छ ।

उच्च शिक्षा आर्जनदेखि रोजगारीका अवसरको खोजीमा बिदेसिने युवाको संख्या बढिरहेको छ । ४० लाखभन्दा बढी नेपाली विभिन्न उद्देश्यले देशबाहिर पुगेका छन् । बिदेशिने क्रम दैनिक बढ्दो छ । यसबाट वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्ससमेत बढिरहेको छ । सोही कारण बैंकमा लगानीयोग्य पुँजी (नगद) को मौज्दात बढिरहेको पनि छ । यद्यपि पुँजीलाई उद्योग, व्यापार र रोजागारी वृद्धिमा लगानी गर्ने वातारण भने बढ्न सकेको छैन । लगानीकर्ता, उद्योगी र व्यवसायीको मनोबल खस्केका कारण ऋण लगानी बढ्न नसकेको हो । औपचारिक शिक्षा आर्जन गरेका, सहरबजारमा घर भएका र नेपालमै आय आर्जन गर्न सक्ने व्यक्ति पनि वैदेशिक रोजगारीमा तानिएका-हानिएका छन् । उच्च शिक्षा आर्जन गरी रोजगारी प्राप्त भएकाहरू पनि बिदेसिने उपाय र प्रक्रियामा लाग्दै गरेका देखिन्छन् । नेपालमा रोजगारी गरेर पैसा बचत गरी धनी हुन सकिन्न भन्ने मनोविज्ञान हवात्तै बढेको छ ।

ठूला उद्योग-व्यापारमा लगानी बढाउने होइन, भएको लगानी संकुचन र फिर्ता गरी घरजग्गा वा अनुत्पादक क्षेत्रमा 'डम्प' गर्ने प्रवृत्ति बढेको छ । सहरबजारमा चालू हालतमा रहेका साना लगानीमा सञ्चालन हुँदै आएका पेसा, व्यापार र सेवा विस्तार गर्ने होइन, बन्द गर्ने तथा लगानी संकुचन गर्ने सोच बढ्दै गएकाले 'भाडामा' र 'बिक्रीमा' भन्ने बोर्ड यत्रतत्र देखिन थालेका छन् । साना लगानीकर्ता र व्यवसायीको मनोबल यति धेरै खस्केको छ कि सहरका सबैजसो पसल-व्यवसाय 'बेच्न पाएहुन्थ्यो' भन्ने मनस्थितिमा पुगेका देखिन्छन् । कम्पनी र निजी क्षेत्रमा 'स्टाफ' कटौती गर्ने तथा खर्च घटाउने प्रवृत्ति बढेको छ । आर्थिक क्षेत्रमा विश्वव्यापी मन्दी आएको र त्यो दर झनै चर्को हुने हल्ला भूसको आगोजस्तो गरी फैलिँदै गएकाले व्यवसायीको मनोबल नराम्रोसँग खस्कन पुगेको हो । सोही कारण बैंकमा लगानीयोग्य नगदको मौज्दात बढ्दै गएको छ । बैंकहरूले सरल, सस्तो र सुलभ तरिकाले ऋण लगानी गर्न तयार भएका विभिन्न विज्ञापन जारी गर्दै आएको भए पनि लगानीकर्ताले भर तथा विश्वास गर्न सक्ने वातावरण निर्माण हुन सकेको देखिन्न । किन र कसरी यस्तो अवस्था आयो ? के हल्ला भएजस्तो नेपालको अवस्था त्यस्तै भइसकेको हो त ? आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा आएका यस्ता मनोबल कमजोर पार्ने भ्रमलाई कसरी चिर्न सकिन्छ ? यस्ता अनगिन्ती सवाल अहिले जटिल बन्दै छन् ।

राजनीतिक-सामाजिक क्षेत्रमा अन्योल, विकृति, विसंगति र अविश्वास बढेका कारण त्यसको दुष्प्रभाव सर्वत्र फैलिएको छ । राजनीति नीतिहरूको मूल नीति भएकाले यसको प्रभाव सबै क्षेत्र र पक्षमा पर्छ । राजनीतिक क्षेत्रबाट गिरेको मनोबल क्रमशः सामाजिक र आर्थिक क्षेत्रमा सर्दै गएको छ । राजनीतिक नेतृत्व, नेता, सरकार, सत्ता र लोकतान्त्रिक गणतन्त्रमा अनेकौं हल्ला र भ्रम फैलिएका या फैलाइएका छन् । कुनै पनि नेता आदर्श (आइडल) बन्न सकेको देखिन्न । 'सबै एउटै ड्याङका मुला हुन्' भन्ने भाष्य समाजमा फैलिएको छ । २०७९ सालमा भएको निर्वाचनले संघीय संसद्मा कुनै एक दलको मात्र होइन, कुनै पनि गठबन्धनले प्रस्ट मत पाएको छैन । यसैबीच केही नयाँ दलको उदय भएको भए पनि तिनको आवाजले



कुनै परिवर्तन ल्याउन सक्ने अवस्था देखिन्न । ठूला दल, पार्टी र नेतालाई गाली गर्नु मात्र आफ्नो योग्यता हो भन्ने सोच नयाँ भनिएका दल, समूह र हित समूहमा बढेकाले विकल्पको पूर्ति हुन सक्ने अवस्था छैन । जति कमजारी भए पनि पुराना र ठूला दललाई नै समर्थन गरी भर पर्नुपर्ने बाध्यता देखिन्छ । यही कारण राजनीतिक-सामाजिक क्षेत्रमा उत्साहको वातावरण निर्माण हुन सकेको छैन । पुराना र ठूला दलमा नयाँ र परिवर्तित सोच, कार्यशैलीसहितको संगठन निर्माण गर्नु आवश्यक भइसकेको छ ।

> सबै नेता उस्तै छैनन्, सबै सहकारी भाग्दैनन्, देशको विकास र लगानीमा बैंकहरूले भूमिका खेल्दै आएका छन्, नेपालमा पनि मिहिनेत गर्दा धेरै क्षेत्रमा प्रगति गर्न सकिन्छ भनेर विश्वास जगाउन र मनोबल उकास्न चुनौतीपूर्ण भए पनि असम्भव भने छैन

सार्वजनिक सञ्चार माध्यमबाट चर्का गाली गर्ने र चटके फन्डा गर्नेहरू आफूलाई राजनीतिक र सामाजिक क्षेत्रका अगुवा भन्ने देखाउन नाटक गर्दै आएका भए पनि त्यसमा भर पर्न सकिने अवस्था नहुँदा राजनीतिक संघर्षबाट स्थापित भएका पुराना दलको भरपर्दो विकल्प देखिएको छैन । हल्लाखल्ला र गाली मात्र गर्ने काम र परिवर्तनमा माखो मार्न नसक्ने व्यक्ति र समूहलाई विश्वास गर्नुपर्ने आधार नहुँदा राजनीतिक-सामाजिक सुधार हुन नसकेको हो । यस्तो अवस्थामा नागरिक र मतदाताको गिरेको मनोबल उच्च बनाउनु चुनौतीपूर्ण देखिएको छ । यसलाई सुधार नगरी अन्य क्षेत्रमा रहेका निराशा चिर्न सकिने अवस्था छैन । आर्थिक क्षेत्रमा मनोबल गिर्नुमा पनि राजनीतिक अस्थिरता, अन्योल र विकृति प्रमुख कारक भएको देखिन्छ । समानुपातिक प्रणालीसहितको खर्चिलो, भड्किलो र विकृत चुनावी संस्कृतिका कारण लोकतन्त्र बदनाम भएको हो । यसमा कानुनी, राजनीतिक, प्राविधिक, व्यावहारिक, नैतिक र अभ्यासगत सुधार गर्नु आवश्यक छ ।

आर्थिक क्षेत्रमा अनुशासनहीनता, विकृति र अपचलन बढेकाले बचतकर्तामा अविश्वास बढेको हो । साना बचतकर्ताको मनोबल गिर्न पुग्दा व्यवसायबाट हात झिक्ने प्रवृत्ति बढ्दै गएको छ । मुलुकका ठूला र उत्कृष्ट भनिएका सहकारी धमाधम भाग्ने, बन्द हुने र संकटग्रस्त बन्ने क्रम बढेकाले त्यसको असर बैंक तथा अन्य वित्तीय संस्थामा समेत पर्न थालेका छन् । सहकारी ठगी र बैंकिङ क्षेत्रमा आर्थिक अपचलनसमेतमा राजनीतिक दलका नेता, सुरक्षाकर्मी तथा सरकारी उच्चपदस्थ अधिकारीसहितको नाम जोडिनु र मुछिनुले समग्र आर्थिक क्षेत्रमा विश्वासको खडेरी पर्ने अवस्था बन्न पुगेको हो । यसमा सुधार गर्न अपराधमा संलग्न जोसुकै व्यक्तिलाई छानबिन गरी कानुनी कारबाही गर्न अत्यावश्यक भएको छ । यसरी मात्र बचतकर्ता र लगानीकर्ताको गिरेको मनोबल उच्च बनाउन सकिन्छ ।

अर्कोतर्फ तथ्यहीन, भ्रामक र झुटा हल्ला फैलाउने कतिपय अनलाइन मिडिया, युट्युबर, विभिन्न निजी स्वार्थ जोडिएका व्यक्ति र राजनीतिक अभीष्ट पूर्ति गर्न लागेका समूहले मुलुकको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्र तहसनहस र ध्वस्त भइसक्यो भन्ने हल्ला व्यापक रूपमा फैलाउँदै आएका छन् । यसले साना लगानीकर्ता, बचतकर्ता र आमनागरिकको मनोबल दिनदिनै गिर्दै गएको छ । आर्थिक, सामाजिक र नैतिक संकट बढेका कारण सामान्य नागरिकको मनोबल निरन्तर गिर्दै आएकाले नेपालमा केही पनि ठीक छैनन्, सबै नेता र दल उस्तै हुन्, सबै सहकारी ठग र चोर हुन्, सबै बैंकले ऋण लगानी गर्दा तोक्ने ब्याजमा पछि वृद्धि गर्दै ठग्छन्, सबै नेता चोर हुन्, नेपालमा रोजगारी छैन, व्यापार छैन, उद्योग, व्यापार संकटग्रस्त भइसक्यो र सारमा नेपालमा अब केही पनि सुधार तथा परिवर्तन हुँदैन भन्ने जस्ता 'मोरल डाउन' गर्ने खालका भ्रामक हल्ला, भ्रम र भाष्यले बजार लिएको छ । कुनै पनि व्यक्ति र संस्थालाई विश्वास नगर्ने प्रवृत्ति बढेकाले नेपालबाट विदेश जानेहरूको लर्को दिनदिनै बढ्दै गएको हो ।

गाउँमा अदुवा रोपेर वर्षमा चार लाख कमाउन सक्ने मानिस पनि वर्षमा डेढ दुई लाख कमाउन अरब र मलेसिया जान पासपोर्ट लिने लाइनमा उभिन थालेका छन् । सबै नेता उस्तै छैनन्, सबै सहकारी भाग्दैनन्, देशको विकास र लगानीमा बैंकले भूमिका खेल्दै आएका छन्, नेपालमा पनि मिहिनेत गर्दा धेरै क्षेत्रमा प्रगति र उन्नति गर्न सकिन्छ भनेर विश्वास जगाउन र मनोबल उकास्न चुनौतीपूर्ण भए पनि यसतर्फ सबै गम्भीर बन्ने हो भने असम्भव छैन । नेपालमा पनि धेरै क्षेत्रमा हजारौं मानिसले प्रगति र उन्नति गरेका छन् । उच्च मनोबल र व्यापक अर्थको इमानदारीसहित कार्य गरेको खण्डमा धेरै प्रगति गर्न सकिन्छ । केवल विश्वास र उच्च मनोबलको खाँचो छ । खस्कँदै गएको मनोबललाई उच्च गर्न सकेको खण्डमा नेपालमा प्रशस्त सुधार, प्रगति र उन्नतिको सम्भावना देखिन्छ ।

(सिलवाल अधिवक्ता हुन्)

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



प्रस्तावित निजामती विधेयकलाई कसरी हेर्नुभएको छ ?

संविधानसभाको निर्वाचन भएको सात वर्षमा नयाँ संविधान आयो । तर, संविधान कार्यान्वयनमा गएको आठ वर्षपछि बल्लतल्ल संघीय निजामती ऐनको विधेयकसम्म ल्याइयो । विगतमा ऐन चाहियो भनेर घाँटी सुक्ने गरी कराउँदाकराउँदै पनि आठ वर्ष बिते । हिजो, भूकम्पले देश थला परेको अप्ठ्यारो समयमा पनि मिलेर संविधान जारी गर्न सक्ने हाम्रो राजनीतिक नेतृत्वले यति लामो समयसम्म संघीय निजामती ऐन ल्याउन नसक्नुले यो देश राजनीतिक नेतृत्वले चलाइरहेको छ कि ब्युरोक्रेसीले भन्ने गम्भीर प्रश्न खडा गरेको थियो । त्यसैले, पनि अहिलेलाई कम्तीमा यो विधेयक आयो, यसैमा खुसी हुनुपरेको छ ।

सिडिओलाई शक्तिशाली बनाउने गरी आएको प्रस्तावबारे के भन्नुहुन्छ ?

सिडिओलाई संघ र प्रदेशबीच समन्वय गर्ने भूमिका दिइनुपर्छ । उसको कार्य सम्पादन मूल्यांकन प्रदेशका मुख्यसचिवले गर्ने व्यवस्था गरिनुपर्छ । संघकै प्रतिनिधि भएर पनि सिडिओलाई विकेन्द्रित अधिकार प्रयोग गर्न दिनुपर्छ । यस्तो अवस्थामा प्रस्तावित विधेयकले सिडिओलाई थप अधिकारसम्पन्न बनायो भने त्यो एकदमै गलत भयो ।

प्रदेशका प्रमुख सचिव, सचिव र स्थानीय तहका प्रशासकीय अधिकृत १० वर्षसम्म संघबाट पठाउने भनिएको छ नि ?

प्रमुख सचिव संघको हुनुपर्छ भन्ने व्यवस्था ठिक हो । तर, प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतचाहिँ प्रदेश लोकसेवा आयोगमार्फत नै नियुक्त गरिनुपर्छ । यसका लागि प्रदेश लोकसेवा आयोग बनिसकेका पनि छन् । यस्तो व्यवस्था पारित गरियो भने कसैले मुद्दा हालिदिएमा त्यो प्रावधान खारेज हुन्छ । किनकि, संविधानअनुसार पनि यो मिल्दैन ।

प्रेरक प्रसंग

आत्मविश्वासको परिणाम

युनेज स्यान्डो नामका एक किशोर अत्यन्त कमजोर, दुब्ला र रोगी थिए । आफ्ना खराब बानीका कारण उनले बाल्यावस्थामै आफ्नो स्वास्थ्य गम्भीर रूपमा बिगारिसकेका थिए । एक दिन उनी आफ्ना पिताका साथमा कला संग्रहालय हेर्न गएका थिए । संग्रहालयको ग्यालरीमा प्राचीन कालका बलिष्ठ पुरुषहरूका मूर्ति प्रदर्शनीमा राखिएका थिए । उनले रुचिपूर्वक ती मूर्ति अवलोकन गरे । उनलाई कुनै मानिसका पाखुरा यति बलिष्ठ पनि हुन सक्छन् भन्नेमा विश्वास नै भएन । उनले यस संसारमा कुनै मानिस यति बलवान् हुन सक्छ भन्ने सपनामा पनि सोचेका थिएनन् । उनी यी मूर्ति देखेर निकै प्रभावित भए ।



स्यान्डोले आफ्ना पितासित सोधे- बाबा, के यी प्रतिमा काल्पनिक हुन् ? के मानिसको यस्तो अद्भूत स्वास्थ्य सम्भव छ ? छोराको प्रश्न सुनेपछि उनका पिताले आत्मविश्वाससाथ जवाफ दिए- बाबु, यी सबै मूर्ति यथार्थ हुन्, कुनै कल्पना होइनन् । मानिसको यस्तो स्वास्थ्य, यस्तो सुगठित शरीर र मांसल हातपाखुरा सम्भव छ । नियमित व्यायाम गर्यौ, प्रशस्त परिश्रम गर्यौ र खानपिनमा ध्यान दिन सक्यौ भने तिमीले पनि यस्तै स्वास्थ्य प्राप्त गर्न सक्छौ । तिम्रा पनि यस्तै सुगठित शरीर सम्भव छ ।

पिताको जवाफ सुनेपछि स्यान्डो गम्भीर बने । पिताको भनाइ उनको मनमा गढेर बस्यो । त्यसपछिका दिनमा उनी आफ्नो खानपानमा विशेष सचेत हुन थाले । साथै, उनले नियमपूर्वक शारीरिक व्यायाम र कठोर परिश्रम सुरु गरे । परिणामतः उनी एक ख्यातिप्राप्त बलवान्का रूपमा विख्यात भए । उनले शारीरिक व्यायामका अनेक नियम र विधि पत्ता लगाए । आजको दिनमा पनि उनका यी शारीरिक व्यायामका विधिलाई 'स्यान्डो कला'का नामले चिनिन्छ ।

आखिर आत्मविश्वास र लगन भयो भने यो संसारमा असम्भव भन्ने के नै छ र ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

उत्पादनमा विविधीकरण गर

नेपाली किसानले उत्पादन गरेको दुध नेपालमै उपयोग हुन नसक्नु र निर्यात पनि गर्न नसक्नुमा राज्यकै कमजोरी छ । नेपाली उपभोक्ताको क्रयशक्ति कमजोर बन्दै गएको छ । नेपाली दुध उपभोग गर्ने मध्यम वर्गले महँगो मूल्यको दुध र दुग्धजन्य पदार्थ खरिद गर्न नसक्ने अवस्था छ । जब नेपाली बजारमा नेपाली दुध खपत हुन सक्दैन भने विदेशी बजारको मागअनुसार गुणस्तरीय दुग्धजन्य पदार्थहरू उत्पादन गर्न केले रोकेको छ ? विश्व बजारमा नेपालका दुग्धजन्य पदार्थको मूल्य महँगो भएकाले माग नभएको भन्ने सुनिन्छ । यस्तोमा मूल्यमा ध्यान दिएर गुणस्तरीय दुग्धजन्य वस्तुको उत्पादन विविधीकरण गर्न सकियो भने स्वदेश तथा विदेशमा खपत हुन सक्छ । यसतर्फ सम्बन्धित सबैको ध्यान जाओस् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

संघीयता केका लागि ?

देश संघीयतामा गएको एक दशक हुन लागिसक्यो । तर, अझै पनि संघीयताअनुसारको निजामती सेवा ऐन आउन सकेको छैन । भर्खरै ऐनको विधेयक संसद्मा पुगेको छ । प्रस्तावित विधेयक अझै आगामी १० वर्षसम्म प्रदेशका प्रमुख सचिव, सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघबाट खटाउने प्रावधान राखिएको छ । यो प्रावधान जस्ताको तस्तै पारित भयो भने संघीयता केका लागि चाहियो त ? प्रदेश र स्थानीय सरकारलाई आफ्ना कर्मचारी आफैंले नियुक्त गर्ने अधिकार दिए हुँदैन र ?

● **अमृत बाँस्कोटा**
पुतलीसडक, काठमाडौं

भुरा उत्पादन बढाऊ

कैलाली र कञ्चनपुरमा मत्स्यपालन व्यवसायमा किसानको आकर्षण बढ्दै जाँदा यस क्षेत्रमा माछाका भुरा अभाव हुन थालेको समाचार पढ्दा दुःख लाग्यो । सरकारले माछाका भुरा उत्पादन गरेर किसानलाई सहुलियत दरमा उपलब्ध गराउन कैलालीको गेटामा स्थापित मत्स्य विकास केन्द्रले माछाका भुराको उत्पादन बढाउन चासो नदिँदा यहाँका किसान निजी उत्पादकबाट महँगो मूल्यमा माछाका भुरा किन्न बाध्य भइरहेका छन् । के मत्स्य विकास केन्द्रले भुराको उत्पादन बढाएर किसानलाई राहत दिन सक्दैन हो ? हो भने किन चाहियो यस्तो केन्द्र ?

● **सरस्वती चौधरी**
अत्तरिया, धनगढी

नयाँ गठबन्धनलाई चार प्रश्न

१. प्रधानमन्त्री प्रचण्डपछि केपी ओली प्रधानमन्त्री बने पनि या नबने पनि संसद्को आयु पुरै पाँच वर्षको हुनेछ, बीचमा संसद्को विघटन हुनेछैन, कसैले पनि संसद्को अल्पायुमै हत्या गर्न सक्नेछैन भनेर गठबन्धनले कसरी आश्वस्त गराउन सक्छ ? दुई-दुईपटक संविधानविपरीत संसद् विघटन गरेकामा ओलीले अहिलेसम्म आत्मालोचना गरेका छैनन् नि ?

२. नेकपा हुँदा भएको खटपट तथा तत्कालीन दुई अध्यक्षले एक-अर्कामाथि लगाएको आरोप-प्रत्यारोपले पुनः नयाँ गठबन्धन सरकारमा भाँजो हाल्दैन भन्ने ग्यारेन्टी के छ ?

३. अब फेरि गिरीबन्धु टिस्टेट जग्गा काण्ड, गोकर्ण रिसोट लिज प्रकरण, बाँसबारी जग्गाकाण्ड, भुटानी शरणार्थी काण्डजस्ता काण्ड नयाँ गठबन्धन सरकारको पालामा हुनेछैन, कुनै पनि काण्डमा कुनै पनि पार्टीको जतिसुकै ठूलो नेता परे पनि दण्डको भागीदार हुनेछ र त्यही विषयलाई लिएर गठबन्धन सरकार भत्कँदैन भन्ने ग्यारेन्टी गर्न सकिन्छ कि सकिन्न ?

४. कांग्रेस माहासमिति बैठकमा २०८४ मा कसैसँग गठबन्धन गरेर चुनाव लडिँदैन भनेपछि त्यो डरले नयाँ गठबन्धन बनेको हो कि मन्त्री फेर्न देउवाले प्रधानमन्त्री प्रचण्डलाई साथ नदिएरै भएको हो ? भोलि फेरि प्रधानमन्त्रीले कुनै मन्त्री परिवर्तन गर्न खोज्दा नयाँ गठबन्धनका अन्य पार्टीले देउवाकै जस्तो असहयोग गर्दैनन् भन्ने ग्यारेन्टी के छ ? फेरि अस्थिरता आउँदैन भनेर जनता कसरी आश्वस्त हुने ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

एक खोपबाट ६ क्यान्सरको रोकथाम

पाठेघरको क्यान्सरले प्रत्येक वर्ष विश्वभर तीन लाखभन्दा बढी अर्थात् प्रत्येक दुई मिनेटमा एक महिलाको ज्यान जान्छ



देश/विदेश

● ऋषिकेश पाई ● उपेन्द्र एस किन्जावाडेकर

जनवरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध सचेतना महिनाका रूपमा मनाइयो । यसबाहेक प्रत्येक वर्ष ४ मार्चलाई अन्तर्राष्ट्रिय एचपिभी (ह्युमन पेपिलोमा भाइरस) जागरुकता दिवसका रूपमा मनाइन्छ । एचपिभी खोपले महिलाको स्वास्थ्यलाई गम्भीर रूपमा असर गर्ने पाठेघरको मुखको क्यान्सरलाई रोक्न सक्छ । पाठेघरको क्यान्सरले प्रत्येक वर्ष विश्वभर तीन लाखभन्दा बढी महिलाको ज्यान लिन्छ, अर्थात् प्रत्येक दुई मिनेटमा एक महिलाको ज्यान जान्छ । पाठेघरको मुखको क्यान्सरबाट ज्यान गुमाउने १० मध्ये नौ महिला निम्न र मध्यम आय भएका देशका हुने गर्छन् । भारतमा पाठेघरको क्यान्सर स्तन क्यान्सरपछि दोस्रो सबैभन्दा बढी देखिन्छ । देशको जनसंख्याको आकारलाई हेर्दा १५ वर्षभन्दा माथिका करिब ५० करोड महिला पाठेघरको मुखको क्यान्सरको जोखिममा छन् । पहलकदमी लिएन भने पाठेघरको क्यान्सरबाट हुने मृत्युको संख्या भविष्यमा उल्लेखनीय रूपमा बढ्छ । हालको जनसंख्या वृद्धिदरलाई लिने हो भने सन् २०४० को वर्षमा भारतमा पाठेघरका क्यान्सरपीडितको संख्या एक लाख ९१ हजार तीन सय ४७ पुग्ने अनुमान गरिएको छ, जुन सन् २०२० को तुलनामा ५४ प्रतिशतले बढी हुनेछ ।

रोकथामका रणनीति : सन् १९८३ मा जर्मन वैज्ञानिक हेराल्ड जुर हौसेनले महिलामा पाठेघरको मुखको क्यान्सर निश्चित प्रकारका प्यापिलोमा भाइरसले गर्दा हुने गरेको देखाएका थिए । एचपिभी महामारी विज्ञान र क्यान्सरको निदानमा यसको भूमिकाको ज्ञानले रोकथाम र प्रारम्भिक पहिचानका लागि दुई प्रमुख रणनीति विकास गरेको छ, अर्थात् एचपिभी खोप र पूर्वक्यान्सर घाउको जाँच पर्छन् । पाठेघरको मुखको क्यान्सर उन्मूलन एक वास्तविक सम्भावना भए तापनि आज न्यून स्रोत भएका समुदायमा पाठेघरको मुखको क्यान्सरलाई सार्वजनिक स्वास्थ्य समस्याका रूपमा उन्मूलन गर्ने प्रभावकारी हस्तक्षेपको अभाव देखिन्छ । विश्व स्वास्थ्य संगठनको रणनीतिले उच्च गुणस्तरीय स्वास्थ्य सेवा र समतामूलक स्वास्थ्य सेवामा थप ध्यान केन्द्रित गर्दै सन् २०३० सम्ममा कार्यान्वयन गरिने ९०-७०-९० तीन खम्बे हस्तक्षेपको रूपरेखा प्रस्तुत गरेको छ । हस्तक्षेपको लक्ष्यअनुरूप ९० प्रतिशत बालिकालाई १५ वर्षको उमेरसम्ममा एचपिभी खोप लगाइनुपर्छ, ७० प्रतिशत महिलालाई ३५ र फेरि ४५ वर्षको उमेरमा उच्चस्तरको स्क्रिनिङ गरिनुपर्छ । र, पाठेघरको मुखको पूर्वक्यान्सर एवं क्यान्सरको घाउ भएको पत्ता लागेका ९० प्रतिशत महिलाले उपचार र हेरचाह पाउनुपर्छ । 'एक्सेलेरेटिङ ग्लोबल हेल्थ पाथवेजः टु हेल्थ इक्विटी फर द जी २०' शीर्षकको हालैको



तस्बिर : गेटी इमेजेस

प्रतिवेदनले विशेषतः न्यून एवं मध्यम आय भएका देशका लागि खोपमा समान पहुँच प्रवर्द्धन गर्ने भारतको जी २० अध्यक्षताको प्रतिबद्धतालाई जोड दिएको छ । एचपिभी खोप भारतमा सन् २००८ मा ल्याइएको थियो । पर्याप्त देशव्यापी अध्ययन र सफल राज्य-स्तर प्रयोगपछि यसलाई सन् २०२३ मा विश्वव्यापी खोप कार्यक्रममा समावेश गर्न सिफारिस गरिएको थियो । यस सम्बन्धमा स्वास्थ्य मन्त्रालयले सन् २०२३ को सुरुमा र हालै अर्थमन्त्रीले आफ्नो अन्तरिम बजेट भाषणमा प्रारम्भिक घोषणा गरेकी थिइन् । अनुसन्धानले एचपिभी खोप भारतका सबै बालिकामा व्यापक रूपमा पहुँचयोग्य नभएको देखाएको छ । हाल, यो निजी बजारमा महँगो लागतमा उपलब्ध छ । थुप्रै चिकित्सकले पाठेघरको मुखको क्यान्सर र एचपिभी संक्रमणको मामिला र जोखिमलाई कम आकलन गर्छन् । खोप सुरक्षा र प्रभावकारितामा हुने विश्वासको कमीले उमेरयोग्य किशोरीका अभिभावक एचपिभी खोपका लागि हिचकिचाउँछन् । चिकित्सक पनि यसको सिफारिस गर्न पनि हिचकिचाउन सक्छन्, किनभने एचपिभी संक्रमण मुख्यतया अन्तरंग छालाको सम्पर्कमार्फत हुन्छ । एचपिभी खोपबारे आएका हल्ला र गलत जानकारीबारे अभिभावकका प्रश्नको जवाफ दिन चिकित्सकले समयको दुरुपयोग ठान्न सक्छन् । तथ्य र उत्तम अभ्यास : कुल ८० हजार सदस्य रहेका फेडरेसन अफ ओब्स्टेट्रिक एन्ड गाइनोकोलोजिकल सोसाइटिज अफ इन्डिया (फोग्सी) र भारतीय बाल चिकित्सा प्रतिष्ठान (आइएप) एचपिभी खोपको राष्ट्रिय अभियानका लागि एक ठाउँमा आएका छन् । यी दुई संस्थाले सदस्य स्त्रीरोग विशेषज्ञ र बालरोग विशेषज्ञलाई एचपिभी खोपबारे सम्झाउने र यस खोपबारे अभिभावकसँग प्रभावकारी संवाद गर्न उत्कृष्ट अभ्यास साझा गर्ने लक्ष्य राखेका छन् । यो सुरक्षित र प्रभावकारी खोपले ६ वटा एचपिभी क्यान्सरलाई रोक्न मद्दत गर्न सक्छ । यीमध्ये पाँच क्यान्सर महिलामा हुन्छन् । नौ वर्षको उमेरदेखि सुरु हुने सबै किशोरीलाई एचपिभी खोप सिफारिस गर्नु आइएपी खोप तालिकाको कार्यभार हो । हालै फोग्सीले असल चिकित्सकीय अभ्यास सिफारिसले प्रमाणसहित ९ देखि १४ वर्षका प्राथमिक उमेर समूहलाई एचपिभी खोप सिफारिस गरेको छ । त्यसैगरी ३० वर्षभन्दा माथिका प्रत्येक महिलाका लागि नियमित जाँचको सिफारिस गरेको छ । जनताको स्वास्थ्य र समृद्धिलाई प्रवर्द्धन गर्ने शीर्ष राष्ट्रिय चिकित्सा संस्था फोग्सी र आइएपीले एचपिभी खोपमार्फत प्रत्येक बालिकालाई पाठेघरको मुखको क्यान्सरबाट सुरक्षित राखेको सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यसबाहेक यी संस्थाले प्रत्येक महिलालाई नियमित जाँचद्वारा सुरक्षित गरिएको सुनिश्चित गर्ने लक्ष्य पनि राखेका छ । यसका लागि यी संस्थाले सन् २०२४ को मध्यमा कम्तीमा २० हजार एचपिभी चिकित्सक तयार गर्दै छन् । चिकित्सक समाजमा सबैभन्दा सम्मानित अगुवा हुन् र स्वास्थ्यसम्बन्धी जानकारीका लागि विश्वसनीय स्रोत पनि हुन् । भारतमा पाठेघरको मुखको क्यान्सर हटाउन यी चिकित्सकको नेतृत्व आवश्यक छ ।

(पाई फोग्सी २०२३ का र किन्जावाडेकर आइएप २०२३ का अध्यक्ष हुन्)
द हिन्दूबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

'सुपर ट्युज्डे' परिणाम बाइडेन र ट्रम्पको पक्षमा

वासिङ्टन डिसी/ अमेरिकी राष्ट्रपतीय प्राइमरी चुनावी चक्रमा सबैभन्दा धेरै राज्यले एकै दिन मतदान गर्ने 'सुपर ट्युज्डे'को चुनाव यसपटक मार्च ५ मा पऱ्यो। कुल १५ राज्य र एक टेरिटोरीमा हिजो भएको मतदानमा अमेरिकी राष्ट्रपति जो बाइडेन र पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले आ-आफ्नो पार्टीको प्राइमरी प्रतिस्पर्धामा अग्रता लिएका छन्। अमेरिकी लेखक मारियान विलियम्सन र सांसद डिन फिलिप्सको चुनौती सामना गरेका बाइडेन अलाबामा, म्यासाचुसेट्स, मेन, नर्थ क्यारोलिना, ओक्लाहोमा, टेनेसी, भर्जिनिया र भर्मोन्टलगायत सबै डेमोक्र्याटिक प्राइमरीमा विजयी भएका छन्। उता ट्रम्पले भर्मोन्टबाहेक सबै स्थानमा भएको रिपब्लिकन प्राइमरी प्रतिस्पर्धामा प्रतिद्वन्द्वी निक्की हेलीलाई पराजित गरेका छन्। सुपर ट्युज्डेले आगामी चुनावमा दुवै दलको उम्मेदवारको एक चित्र प्रस्तुत गर्ने विश्वास गरिन्छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय कलंकीको

कागजात तथा फाँटवारी पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।।।

निम्न लिखित करदाताहरुलाई यस अधि यस कार्यालयबाट तपसिलमा उल्लेखित कागजात पेश गर्न पत्राचार गरिएकोमा हालसम्म पनि माग गरिएका कागजातहरु पेश गरेको नदेखिएकोले निम्नानुसारको आ.व.को आय विवरण/मू.अ.कर विवरणको छानविन तथा अनुसन्धान कार्यमा बाधा पर्न गएकोले तपसिलमा उल्लखित कागजात तथा विवरणहरु यो सूचना प्राप्त गर्नु भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्नुहुन आयकर ऐन,२०५८ को दफा ८३(१) (क) तथा मू.अ.कर ऐन,२०५२ को दफा २३(ग) बमोजिम अनुरोध छ। म्यादभित्र पेश नगरेमा प्रचलित कानून बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सि.न.	स्थायी लेखा नम्बर	करदाताको नाम	फर्मको ठेगाना	प्रो./सं.को नाम तथा ठेगाना	आ.व.
१.	६०१३३७९८१	मनकामना माइ हार्डवेयर ट्रेडर्स	चन्द्रागिरी-१२, काठमाण्डौ	संजय कुमार कलवार,कम्हरिया-४, रुपन्देहि	२०७३/०७४
२.	३०२८१२०५३	तमु निर्माण सेवा	विदुर-२, नुवाकोट	संजीव गुरुङ्ग, विदुर-२,नुवाकोट	२०७०/०७१
३.	६०१०५२०५७	सेलिन इन्टरनेशनल सप्लायर्स प्रा.लि.	चन्द्रागिरी-१४, नयां नैकाप, काठमाण्डौ	राजमान तामाङ्ग, चितवन, भरतपुर	२०७१/०७२
४.	६०१८७४३३६	रक्षा एण्ड सदिक्षा ट्रेड लिंक प्रा.लि.	नागार्जुन -६, रामकोट, काठमाण्डौ	सुदर्शन अधिकारी, काभ्रे	२०७६/०७७

तपसील

१) खरिद/विक्रि विजकहरु तथा खरिद/विक्रि खाता,
२) सुरु मौज्दात, खरिद र अन्तिम मौज्दातको परिमाण र मूल्य सहितको विवरण,
३) खरिद/विक्रि/साहु/आसामीको स्था.ले.नं. र नाम सहितको विवरण,
४) खरिद गरिएका पार्टिहरुको पार्टि लेजर, क्यास बुक तथा भुक्तानीको विवरण,
५) उल्लेखित फर्म तथा फर्मका प्रोपाइटरहरुको नाममा रहेको बैंक खाताको बैंक स्टेटमेन्ट।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/११/२४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: नारायणगढ, चितवन

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०७३/०५/२६ मा प्रा.फ.र.नं.: ३७१/०७३/०७४ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १२, स्थित **पराजुली किराना स्टोर्स** **प्रोप्राइटर: रवि चन्द्र पराजुली**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दण्डपानी पराजुलीको नाति, दिन नाथ पराजुलीको छोरा, चितवन जिल्ला, गार्दि गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **कृष्ण प्रसाद पराजुली (ना.प्र.प.नं. २२५७, चितवन)**
२. दिन नाथ पराजुलीको बुहारी, कृष्ण प्रसाद पराजुलीको श्रीमती, चितवन जिल्ला गार्दि गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **पुनहरी पराजुली (ना.प्र.प.नं. १३२, चितवन)**
३. दिन नाथ पराजुलीको नाति, कृष्ण प्रसाद पराजुलीको छोरा, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **रवि चन्द्र पराजुली (ना.प्र.प.नं. ७८०/०४४, चितवन)**

शाखा कार्यालय: नेपालगञ्ज, बाँके

१. ऋणीको विवरण

लाल्ता तेलीको नाति, बीसराम तेलीको छोरा, बाँके जिल्ला, पुरैनी गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **बिमल कुमार साह (ना.प्र.प.नं.: ११६१८, बाँके)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बीसराम तेलीको बुहारी, बिमल कुमार साहको पत्नी, बाँके जिल्ला, पुरैनी गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **लक्ष्मी साह (ना.प्र.प.नं.: ६६१०२४/२२, बाँके)**
२. विहारी तेलीको नाति, लाल्ता तेलीको छोरा, बाँके जिल्ला, पुरैनी गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **बीसराम तेली (ना.प्र.प.नं.: ९५५०, बाँके)**
३. लाल्ता तेलीको बुहारी, बीसराम तेलीको पत्नी, बाँके जिल्ला, पुरैनी गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **मीना तेली (ना.प्र.प.नं.: ७०२२, बाँके)**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु विकास शाखा, नेपालगञ्ज, बाँकेमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ तथा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति २०७४/०२/११ मा प्रा.फ.र.नं. ४७/४७/०७४/०७५ कायम भई दर्ता भएको बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. २, स्थित **जय दुर्गा पोल्ट्री फार्म** **प्रोप्राईटर: दिलिप महतारा**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हरि सिंह महताराको नाति, तिल बहादुर महतारा क्षेत्रीको छोरा, बाँके जिल्ला, सीतापुर गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **दिलिप महतारा (ना.प्र.प.नं.: १८३३६, बाँके)**
२. तिल बहादुर महतारा क्षेत्रीको बुहारी, दिलिप महतराको पत्नी, बाँके जिल्ला, सीतापुर गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **लक्ष्मी महतारा (ना.प्र.प.नं.: ६६१०३८/२०५, बाँके)**

शाखा कार्यालय: पुष्पलालचोक, मोरङ्ग

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७०/०२/१७ मा दर्ता नं. २५१८१२/०७०/०७८ कायम भई दर्ता भएको सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा. वडा नं. २, भोक्राहा स्थित **कोलबोटे कृषि फर्म प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हर्क बहादुर श्रेष्ठको नाति, विष्णु प्रसाद श्रेष्ठको छोरा, संखुवासभा जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा. वडा नं. २ बस्ने **सुरेन्द्र श्रेष्ठ (ना.प्र.प.नं. १६३५४, ताप्लेजुङ्ग)**
२. बल बहादुर गुरुङ्गको बुहारी, लालवीर गुरुङ्गको पत्नी, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **उमा गुरुङ्ग (ना.प्र.प.नं. ५४१६३/७२६६, ताप्लेजुङ्ग)**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/११/२४

यस अस्पतालबाट मिति २०८०/११/०२ गते पुनः प्रकाशित Procurèrent of radiology goods को लागि शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना (IFB No.: STIDH/SQ/G/02-2080/81) अनुसार प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशील बमोजिमको दरभाउपत्र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील :

सि. नं.	शिलबन्दी दरभाउपत्र नं.	विवरण	छनौट भएको शिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क प्रति इकाइ	
1	STIDH/SQ/G/02-080/81	Procurement of radiology goods	Next Cross Boarder Connections, Kathmandu	X-ray film 10*12	95/-
				CT film 14*17	150/-

CHANDRAPUR MUNICIPALITY

Office of Municipal Executive
Chandranigahpur, Rautahat

INVITATION FOR BIDS

Date of publication: 2080/11/24

1. **Chandrapur Municipality**, Office of Municipal Executive invites electronic bids (e-GP) from eligible bidders for the following works under National Competitive Bidding.

S.N.	Contract ID.	Project Name	Bid Fee Nrs.
1.	CM/WORKS/NCB/ 01/2080/081	Construction of Irrigation Canal from Santapur to Basantapur (Phase- III)	5000
2.	CM/WORKS/NCB/ 02/2080/081	Construction of Blacktopped Road from Dumariya to Najarpur	3000

2. Interested eligible bidders may obtain detail information from PPMO's website: http://www.bolpatra.gov.np and https://chandrapurmun.gov.np/en
3. If the last date of purchasing and/ or submission falls on government holiday, then the next working day shall be considered the last date. In such case the validity period of the bid security remain the same as specified for the last date of bid submission.
4. The municipality office reserves the right to accept or reject, wholly or partly any or all bids without assigning reason, whatsoever. Matters not covered by the notice shall be in accordance with bid document, public procurement act and regulation.

लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/११/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१.	**नाम : मनोज पासमान** बाबुको नाम : रामचन्द्र पासमान, बाजेको नाम : हुकुम दास पासमान ठेगाना : पुर्व कुशाह - १, सुनसरी, हाल : दुहबी - १२, सुनसरी ना.प्र.प.नं. : ०६३०१४/९०८, जि.प्र.का. सुनसरी, जारी मिति : २०६३/१०/२९ **शाखा कार्यालय : विराटनगर**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : रामचन्द्र पासमान बाबुको नाम : हुकुम दास पासमान ठेगाना : कुशाह - ३, सुनसरी हाल : दुहबी - १२, सुनसरी ना.प्र.प.नं. : ५३/७४, जि.प्र.का. सुनसरी जारी मिति : २०३८/०४/०४	**२. नाम : सुनिता पासवान** पतिको नाम : मनोज पासमान ससुराको नाम : रामचन्द्र पासमान ठेगाना : बुधनगर - ४, मोरङ हाल : दुहबी - १२, सुनसरी ना.प्र.प.नं. : ७/१९६८, जि.प्र.का. मोरङ जारी मिति : २०६२/१०/१३
	३. नाम : रधीया देवी पासवान पतिको नाम : रामचन्द्र पासमान, ससुराको नाम : हुकुम दास पासमान ठेगाना : पुर्व कुशाह - १, सुनसरी, हाल : दुहबी - १२, सुनसरी ना.प्र.प.नं. : १५९०, जि.प्र.का. मोरङ, जारी मिति : २०५५/०२/११	
	धितोको विवरण	
	मनोज पासमानको नाममा मालपोत कार्यालय विराटनगरमा दर्ता रहेको पुर्व कुशाह - २/२क, सुनसरी स्थित कित्ता नं. १००८ को क्षेत्रफल ०-०-१५-० को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
२.	**ऋणीको विवरण**	
	नाम : इम्तियाज आलम बाबुको नाम : मो. कमाल मिया, बाजेको नाम : मोहमद अलि मिया ठेगाना : बिराटनगर - २२, रानी, मोरङ्ग, हाल : बिराटनगर - १७, रानी, मोरङ्ग ना.प्र.प.नं. : ०५१०६६/५०४८, जि.प्र.का. : मोरङ्ग, जारी मिति : २०६७/१०/२७ **शाखा कार्यालय : विराटनगर**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : नगमा खातुन पतिको नाम : इम्तियाज आलम ससुराको नाम : मो. कमाल मिया ठेगाना : बिराटनगर - १३, रानी, मोरङ्ग हाल : बिराटनगर - १७, रानी, मोरङ्ग ना.प्र.प.नं. : ०५-०१-७१-३४७६३ जि.प्र.का. मोरङ्ग जारी मिति : २०७१/१२/१७	**२. नाम : कमिदा खातुन मिया** पतिको नाम : मो. कमाल मिया ससुराको नाम : मोहमद अलि मिया ठेगाना : बिराटनगर - १६, रानी, मोरङ्ग हाल : बिराटनगर - १७, रानी, मोरङ्ग ना.प्र.प.नं. : २२७६/३७/३८ जि.प्र.का. मोरङ्ग जारी मिति : २०३७/०८/०१
	धितोको विवरण	
	इम्तियाज आलमको नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता रहेको बिराटनगर - २२ मोरङ्ग स्थित कित्ता नं. १८ को क्षेत्रफल ४२९.४० व.मि. को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
३.	**नाम : एस के कोल्ड स्टोर** वाणिज्य आपूर्ति तथा संरक्षण कार्यालय, वीरगंज, पर्सा कम्पनी दर्ता नं. : ३८३४९/०७५/०७६ दर्ता मिति : २०७६/०२/१० दर्ता ठेगाना : वीरगंज - ८, पर्सा **प्रोप्राइटर : रामदयाल प्रसाद जयसवाल** **शाखा कार्यालय : वीरगंज**	**नाम : रामदयाल प्रसाद जयसवाल** बाबुको नाम : बिन्दा प्रसाद चौधरी बाजेको नाम : मन्दिप प्रसाद चौधरी ठेगाना : हरिहरपुर - ८, पर्सा ना.प्र.प.नं. : ३३३०२५/१५१ जि.प्र.का. पर्सा जारी मिति : २०६३/११/१८
	धितोको विवरण	
	रामदयाल प्रसाद जयसवालको नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता रहेका वीरगंज - १०, पर्सा स्थित कित्ता नं. ८५ को क्षेत्रफल ००१०१.६० व.मी. र वीरगंज - ५, पर्सा स्थित कित्ता नं. ४००९ को क्षेत्रफल ००११०.०६ व.मी. जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

क्र.सं.	ऋणीको विवरण	
४.	**नाम : जय एन.एस.रियल स्टेट प्रा.लि.** दर्ता कार्यालय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. : २६७०९८/०७८/०७९, दर्ता मिति : २०७८/०४/२२ कार्यालय ठेगाना : लालबन्दि - १७, सलाही **संचालक तथा शेयरधनी : राकेश थापा, शाखा कार्यालय : लालबन्दी**	
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : राकेश थापा बाबुको नाम : शंकर बहादुर थापा बाजेको नाम : मदन बहादुर थापा ठेगाना : रानिगंज - ५, सलाही हाल : लालबन्दि - १७, सलाही ना.प्र.प.नं. : ७८२३०९२८ जि.प्र.का. सलाही जारी मिति : २०६३/०३/०५	**२. नाम : निशाना पाण्डे** पतिको नाम : राकेश थापा ससुराको नाम: शंकर बहादुर थापा ठेगाना : मधुमल्ला - ६, मोरङ हाल : लालबन्दि - १७, सलाही ना.प्र.प.नं. : ०५२०४३/११६९२ जि.प्र.का. मोरङ जारी मिति : २०६८/०२/३०
	धितोको विवरण	
	जय एन.एस.रियल स्टेट प्रा.लि. को नाममा मालपोत कार्यालय हरिवनमा दर्ता रहेको जब्दि - ९ झ, सलाही स्थित कित्ता नं. १५४७ र २६० को क्षेत्रफल क्रमशः ०-०-३-० र १-०-०-० को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
५.	**नाम : कविता साह** पतिको नाम : सुलेन्द्र साह तेली ससुराको नाम : लक्ष्मी साह तेली ठेगाना : अत्रौली - १,सलाही हाल : हरिवन - १, सलाही ना.प्र.प.नं. : १९२०९०/३९५ जि.प्र.का. सलाही जारी मिति : २०६६/०३/१९ **शाखा कार्यालय : लालबन्दी**	**नाम : सुलेन्द्र साह तेली** बाबुको नाम : लक्ष्मी साह तेली बाजेको नाम : गोपी साह तेली ठेगाना : अत्रौली - १,सलाही हाल : हरिवन - १, सलाही ना.प्र.प.नं. : ०३०७०५८० जि.प्र.का. सलाही जारी मिति : २०६१/०८/२२
	धितोको विवरण	
	कविता साहको नाममा मालपोत कार्यालय हरिवन, सलाहीमा दर्ता रहेको हरिपुर - ९ छ, सलाही स्थित कित्ता नं. ६०२ को क्षेत्रफल क्रमशः ०-०-५-०(बिघा) को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
	ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
६.	**नाम : मेनुका प्रधान कार्की** पतिको नाम : सुभाष प्रधान ससुराको नाम : सुर्य बहादुर प्रधान ठेगाना : का.म.न.पा. - १५, काठमाडौं हाल : रत्ननगर - ९, लालपर्सा, चितवन ना.प्र.प.नं. : २७१०६०/०७१० जि.प्र.का. काठमाडौं जारी मिति : २०६५/०३/०६ **शाखा कार्यालय : टाँडी**	**नाम : सुभाष प्रधान** बाबुको नाम : सुर्य बहादुर प्रधान बाजेको नाम : कान्छा प्रधान ठेगाना : का.म.न.पा. - १५, काठमाडौं हाल : रत्ननगर - ९, लालपर्सा, चितवन ना.प्र.प.नं. : ८४४ जि.प्र.का. काठमाडौं जारी मिति : २०५२/०४/१५
	धितोको विवरण	
	मेनुका प्रधान कार्कीको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता रहेको देवाली - ५ क, चितवन स्थित कित्ता नं. ८३५ को क्षेत्रफल क्रमशः ०-१-० (वि.क.धु.) को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय: सनराईज विजपार्क डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६५६
फ्याक्स नं. ०१-४५१३५२६

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २४ फागुन ०८०

राजनीतिसँगै सेयरबजारका उतारचढावपूर्ण तीन दिन

सोमबार नेप्से ११७.७० अंकले बढेर दुई हजार ७८ विन्दुमा पुगेको थियो

मंगलबार उच्च अंकमा भएको वृद्धि भोलिपल्टै ७०.३१ अंकले घट्यो

बुधबार नेप्से ९.३३ अंकले बढेर दुई हजार १७.०३ विन्दुमा पुगेको छ

भोजराज भण्डारी/नयाँ पत्रिका

सेयर बजारप्रति निराश देखिँदै आएका लगानीकर्तामा पछिल्लोराजनीतिकपरिवर्तनले उत्साहित बनाएको हो । सत्तागठबन्धनको विकसित घटनाक्रमलाई अध्ययन गर्दै सेयर लगानीकर्ता 'पर्ख र हेर'को अवस्थामा देखिएका छन् । सो मबार सत्ता राजनीतिमा आएको हलचलले सेयर बजारमा तीनपटक सर्किट ब्रेक लागेर बन्द भएको थियो । सोमबार नेप्से सूचक एक सय १७ दशमलव ७० अंकले बढेर दुई हजार ७८ विन्दुमा बन्द भएको थियो । लगानीकर्ताले निवर्तमान अर्थमन्त्री प्रकाशशरण महतले सेयर बजारलाई नीतिगत रूपमा कस्न खोजेको लिँदै आएका थिए । अर्कोतर्फ, एमालेसहित बनेको गठबन्धनमा सेयर बजार बढ्छ भन्ने मनोवैज्ञानिक कारण पनि आइतबारबजारमा सर्किट ब्रेक लागेको लगानीकर्ताहरूको भनाइ छ ।

सोमबार उच्च अंकले बढेको बजार मंगलबार भने परिसूचक ७० दशमलव ३१ अंकले घटेको थियो । लगानीकर्ता छोटेलाल रौनियारले मंगलबार नेप्से सूचक करेक्सन रहेको र बुधबार बजार पुनः लयमा आइपुगेको बताए । बुधबार नेप्से सूचक ९ दशमलव ३३ अंकले बढेर दुई हजार १७ दशमलव ०३ विन्दुमा आइपुगेको छ । यस दिन नेप्से सूचक घटेर एक हजार नौ सय ९२ दशमलव ३४ बाट पुनः फर्किएर उच्चतम् दुई हजार ३६ दशमलव ३२ विन्दुसम्म आइपुगेको हो ।

बुधबार सामान्य बढेको बजारमा डोल्टी पावर कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । त्यस्तै, स्वरोजगार लघुवित्त विकास बैंक, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी, गोर्खाज फाइनान्स र सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य ८ दशमलवदेखि ८ दशमलव ७० प्रतिशतसम्म बढेको छ ।

धितोपत्र र ऋणपत्रगरी कारोबारमा आएका तीन सय ८ कम्पनीको ९१ लाख ३८ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा तीन अर्ब ४५ करोड रुपैयाँको कारोबार भएको छ । सर्वाधिक कारोबार हुने कम्पनीमा सोनापुर मिनरल्स एन्ड आयल, शिवम् सिमेन्ट, हिमालयन रिइन्स्योरेन्स, घोराही सिमेन्ट इन्डस्टी,एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टको सात करोड रुपैयाँदेखि ३३ करोड ३७ लाख रुपैयाँसम्मको कारोबार भएको छ ।

सामान्य बढेको बजारमा सर्वाधिक घट्ने कम्पनीमा मोलुङ हाइड्रोपावर कम्पनीको ९ दशमलव ७१ अंकले घटेको छ । ग्लोबल आइएमई ब्यालेन्स फन्ड, गुराँस लघुवित्त वित्तीयसंस्था, विपिडब्लू वित्तीय संस्था र समता घरेलु लघुवित्त वित्तीय संस्थाको २ दशमलव ८४ प्रतिशतदेखि ५ दशमलव ५४ प्रतिशतले घटेको छ ।



वर्षमानको काँधमा चुनौतीपूर्ण अर्थतन्त्र

१२ वर्षपछि अर्थ मन्त्रालयमा वर्षमानको दोस्रो इनिङ, आन्तरिक अर्थतन्त्र सुधार्न दबाब

पवन तिमिल्सिना/नयाँ पत्रिका

माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन अनन्तले अर्थमन्त्रीको रूपमा बुधबार दोस्रोपटक कार्यभार सम्हालेका छन् । १२ वर्षअघि दुई आर्थिक वर्षमा गरेर १८ महिनासम्म अर्थमन्त्री भएका पुनले बजेट नै ल्याउन नपाई बिदा भएका थिए ।

अर्थतन्त्रको बाह्य क्षेत्र सुधार भए पनि राजस्व संकलन, पुँजीगत खर्च, निर्माण व्यवसायीलाई गर्नुपर्ने भुक्तानीलगायतमा भएका समस्याका कारण आन्तरिक क्षेत्र समस्याग्रस्त छ । त्यसैले निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतलाई लागेको 'डेलिभरी दिन नसकेको' अपजस पुनलाई चिर्नुपर्ने चुनौती छ ।

बुधबार साँझ अर्थ मन्त्रालयमा पदभार ग्रहण गर्दै मन्त्री पुनले चुनौती स्वीकार गरेर अघि बढ्ने पनि बताएका छन् । उनले आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायका लागि सरकारले लिएको नीतिमा सघाउ पुग्ने गरी अर्थ व्यवस्थालाई अघि बढाउने बताएका छन् । उनले सबै क्षेत्रको मनोबल उठाउने गरी काम गर्ने पनि बताए । 'अहिलेको अर्थतन्त्रमा समस्या कहाँ छन् मलाई थाहा छ । सबैसँगको सहकार्य र अर्थ मन्त्रालयको विज्ञ टिमको सल्लाहअनुसार अघि बढ्नेछु । पहिलेको नेतृत्वको कमजोरी खोज्दिनँ । असल अभ्यासलाई निरन्तरता दिन्छु,' उनले भने ।

अर्थमन्त्री पुनले १२ वर्षअघि ३१ असार, ०६९ मा अध्यादेशमार्फत आव ०६९/७० को बजेट ल्याएका थिए । उक्त वर्ष संविधानसभा एवं व्यवस्थापिका संसद् विघटन भई राजनीतिक सहमति जुट्न नसक्दा सरकारले एकै आर्थिक वर्षमा तीनवटा अध्यादेशमार्फत बजेट प्रस्तुत गरी खर्च व्यवस्थापन गर्नुपरेको थियो । त्यतिखेर एकतृतीयांशबराबरको रकमले सार्वजनिक खर्च व्यवस्थापन गर्नुपरेको थियो ।

प्रधानमन्त्री प्रचण्डले बजेटको आकारलाई लिएर पूर्वअर्थमन्त्री महतसँग असन्तुष्टि रहेको विषय बाहिर प्रचण्डको विश्वास पात्रसमेत रहेका नवनियुक्त अर्थमन्त्री पुनलाई सीमित स्रोतमा सरकारको ठूला प्राथमिकता समेट्नुपर्ने बाध्यता रहेको अर्थशास्त्री केशव आचार्यको भनाइ छ । 'बजेटको आकार उहाँ (पुन)लाई प्रमुख चुनौती हो । स्रोत अनुमान समितिले १८ खर्बको सिलिङ दिएको छ । तर, प्रधानमन्त्रीको प्राथमिकता ठूलो देखिन्छ । सीमित स्रोतमा उहाँको महत्त्वाकांक्षालाई अर्थमन्त्रीले कसरी समेट्न सक्छन् भन्ने हेर्नुपर्ने हुन्छ,' आचार्यले भने ।

अर्थमन्त्रीले चिन्ता लिनुपर्ने देशको अर्थसूचक



- चालू खाता बचत **एक खर्ब ६१ अर्ब**
- शोधनान्तर बचत **२ खर्ब ७३ अर्ब**
- रेमिट्यान्स **७ खर्ब ३३ अर्ब**
- व्यापार घाटा **६ खर्ब ९३ अर्ब**
- कुल निर्यात **७४ अर्ब ९७ करोड**
- कुल आयात **७ खर्ब ६८ अर्ब**
- विदेशी मुद्रा सञ्चिति **१८ खर्ब १६ अर्ब**
- कुल गार्हस्थ्य उत्पादन **५३ खर्ब ८१ अर्ब**
- राजस्व संकलन **५ खर्ब १५ अर्ब**
- कुल खर्च **५ खर्ब ७३ अर्ब**
- बजेट घाटा **१ खर्ब ८ अर्ब**
- आन्तरिक ऋण **१ खर्ब २८ अर्ब**
- वैदेशिक ऋण **३९ अर्ब ७० करोड**
- वैदेशिक अनुदान **२० अर्ब २७ करोड**
- आन्तरिक कर्जा वृद्धिदर **२.६ प्रतिशत**

■ पदभार ग्रहण गर्दै अर्थमन्त्रीले भने- असल अभ्यासलाई निरन्तरता दिन्छु

> अहिलेको अर्थतन्त्रमा समस्या कहाँ छन् मलाई थाहा छ । सबैसँगको सहकार्य र अर्थ मन्त्रालयको विज्ञ टिमको सल्लाहअनुसार अघि बढ्नेछु । पहिलेको नेतृत्वको कमजोरी खोज्दिनँ । असल अभ्यासलाई निरन्तरता दिन्छु ।

राजनीतिक नेतृत्वभन्दा अर्थमन्त्री तुलनात्मक रूपमा संकुचित हुनुपर्ने मान्यता छ । नेतृत्वलाई विश्वासमा लिएर काम गर्न सक्ने खुबी भएका वर्षमानले देशको अर्थ-व्यवस्थालाइ सही दिशा दिनका लागि पनि राजनीतिक दबाबलाई छिचोल्दै अर्थनीति लागू गर्नुपर्ने आचार्यको विश्लेषण छ ।

अर्थमन्त्रीका लागि पुँजीगत खर्च बढाउनु नै प्रमुख चुनौती रहेको उनको भनाइ छ । २२ फागुनसम्म पुँजीगत खर्च २४.५९ प्रतिशत मात्रै छ, जुन निराशाजनक हो । अर्थतन्त्रका बाह्य क्षेत्र र आन्तरिक क्षेत्रबीच तादात्म्यता टुट्दै गइरहेको अवस्थामा दुवै क्षेत्रलाई सन्तुलित बनाई अधिकतम लाभ लिनुपर्ने आचार्यको भनाइ छ । 'पछिल्ला वर्षहरूको तुलनामा बाह्य क्षेत्रमा सुधार आएको छ । तर, आन्तरिक अर्थतन्त्र भने पक्षघात लागेजस्तै अवस्थामा छ । बाह्य क्षेत्र र आन्तरिक क्षेत्रको तादात्म्यता मिलाउनुपर्ने अहिलेको अर्थमन्त्रीको चुनौती हो,' उनले भने ।

दातृ निकायबाट आएको प्रतिबद्धताअनुसारको वैदेशिक सहायता ल्याउनुपर्ने जिम्मेवारीसमेत पुनले बहन गर्नुपर्नेछ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/११/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/०८ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय डुम्रे, तनहुँबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **१५(पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीको नाम : चक बहादुर गुरुङ बाबुको नाम : दल बहादुर गुरुङ बाजेको नाम : जमान सिंह गुरुङ ठेगाना : आबुँखेरेनी-०१, तनहुँ ना.प्र.नं. : ५०८१, जारी मिति : २०४४-१२-३० जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ **कर्जा शिर्षक : सरल आवधिक कर्जा** **कर्जा लिएको शाखा : डुम्रे, तनहुँ**	**क) नाम : सोममाया गुरुङ** पतिको नाम : चक्रबहादुर गुरुङ ससुराको नाम : दल बहादुर गुरुङ ठेगाना : धरमपानी-७, तनहुँ हाल : आबुँखेरेनी-०१, तनहुँ ना.प्र.नं. : ३९१७३, जारी मिति : २०५६-०८-०६ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ **ख) नाम : साजन गुरुङ** बाबुको नाम : चक्र बहादुर गुरुङ बाजेको नाम : दल बहादुर गुरुङ ठेगाना : आबुँखेरेनी-०२, तनहुँ, हाल : आबुँखेरेनी-०१, तनहुँ ना.प्र.नं. : ४३-०१-७३-०१३९६, जारी मिति : २०७३-०२-१४ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ
सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय तनहुँमा चक्र बहादुर गुरुङको नाममा दर्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आबुँ-०२ ख स्थित कि.नं. १२७ र १३० को क्षेत्रफल क्रमश : ८२६.७० र १५८.९८ वर्ग मिटरको जग्गाहरु तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०३८-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०३८-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय डुम्रे, तनहुँमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

गैह बैंकिङ/सहकारी सम्पत्तीलिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/११/२४ गते विहिवार

यस संस्थाको नाममा रहेको तपशिल विवरणमा उल्लेखित गैह्र बैकिङ्/सहकारी सम्पत्तीहरू (घर/जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त सम्पत्ती (घर/जग्गा) जे जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/ संस्थाहरूलाई निम्न बमोजिमका शर्तहरूको अधिनमा रही यस संस्थाको केन्द्रिय कार्यालय लम्कीचुहा-१, लम्कीमा बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल

सि.नं.	सम्पत्तिको विवरण
१.	यस सहकारी संस्थाको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक मनिकापुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ३८७२, क्षेत्रफल २००.४६ व.मि. र सो मा बनेको १२४४ वर्ग फिट रहेको अढाई तले पक्की घर समेत ।
२.	यस सहकारी संस्थाको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक मनिकापुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ३८७४ तथा क्षेत्रफल ५०७.९५ व.मि.।
३.	यस सहकारी संस्थाको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक टीकापुर न.पा. वडा नं. ९ 'छ' स्थित कित्ता नं. ११०५ तथा क्षेत्रफल ३०७.४८ व.मि.।
४.	यस सहकारी संस्थाको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक टीकापुर न.पा. वडा नं. ९ 'ज' स्थित कित्ता नं. ४३४ क्षेत्रफल ००३३८.६३ व.मि. र सो मा बनेको ११३२ वर्ग फिट रहेको पक्की घर समेत ।
५.	यस सहकारी संस्थाको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक जानकीनगर गा.वि.स. वडा नं.१ स्थित कित्ता नं. ५६१ तथा क्षेत्रफल ३३८६.४० व.मि.।
६.	यस सहकारी संस्थाको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक मुनुवा गा.वि.स. वडा नं. ९ 'ख' स्थित कित्ता नं. १९, क्षेत्रफल ३३८ व.मि. र सो मा बनेको ९८२ वर्ग फिट रहेको पक्की घर समेत ।

शर्तहरू

१. लिलाम बिक्री गरिने सम्पत्तिहरू स्थलगत निरिक्षण गर्न चाहेमा, कागजपत्रहरू हेर्न चाहेमा र घर/जग्गाको न्यूनतम मुल्य बुझ्न चाहने प्रस्तावकहरूले बोलपत्र पेश गर्नु अगावै संस्थाको केन्द्रिय कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
२. लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्न ईच्छुक प्रस्तावकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन, यदी सो दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट दिनको ११:०० बजे देखी ३:०० बजे सम्म बोलपत्र फाराम खरिद गरि दर्ता गरि सक्नु पर्नेछ ।
३. बोलपत्र फाराम संस्थाको केन्द्रिय कार्यालयबाट पछि फिर्ता नहुनेगरी रू.१,०००/- (अक्षरूपी एक हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको बोलपत्र फाराम मान्य हुने छैन ।
४. बोलपत्र फाराममा आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । बोलपत्र फाराममा आफूले चाहेको अचल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा भर्नुपर्नेछ ।
५. लिलाम बिक्रीमा सबै भन्दा बढी कबोल गर्ने प्रस्तावकले आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत संस्थामा बुझाउनु पर्नेछ ।
६. लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्ने प्रस्तावकले संस्थाबाट लिलाम बिक्री निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. लिलाम बिक्री प्रकृयाबाट खरिद गर्ने प्रस्तावकले उल्लेख गरिएको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम प्रस्ताव गर्ने प्रस्तावकको नाममा लिलाम बिक्री गरिनेछ ।
८. रित नपुगेको वा म्याद नाघि आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै निहित रहनेछ ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट बिक्री कार्य रोक्का गर्न आदेश भएमा मात्र बेच बिखन गर्ने कार्य रोक्का गर्न सकिनेछ ।

बोलपत्र खोलिने मिति, समय र स्थानः


बोलपत्र खोल्ने मिति : २०८०/१२/१४, बुधबार ।
समय : बिहान ११:०० बजे देखि दिनको १:०० बजे सम्म ।
स्थान : संस्थाको केन्द्रीय कार्यालय, लम्की, कैलाली ।

विस्तृत जानकारीको लागि:

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
समृद्धिका लागि समुदाय संग सगै


केन्द्रिय कार्यालय लम्कीचुहा-१, कैलाली
फोन नं. : ०५१-५४०४२६, ५४०४८६ हटलाईन : १६६०५११७३३३
Web. : www.kisancoop.com, Email : info@kisancoop.com

चैतबाट कृषि बिमा नगर्ने चेतावनी



पटक-पटक ताकेता गर्दा पनि सरकारले ८० प्रतिशत अनुदान रकम नै दिएको छैन । बिमित किसानलाई दाबी भुक्तानी भने दिइरहेका छौं । यति ठूलो रकम रोकिँदा कम्पनीको वित्तीय अवस्था प्रभावित हुन थालेको छ ।

● **चंकी क्षेत्री**, अध्यक्ष
नेपाल बिमक संघ



यसपालि बजेट अभावकै कारण रकम भुक्तानी गर्न सकिएको छैन । यसका लागि आवश्यक बजेट उपलब्ध गराउन अर्थ मन्त्रालयमा प्रस्ताव पठाएका छौं । तर, त्यहाँबाट कुनै जवाफ आएको छैन । अर्थले नदिए भुक्तानी गर्न गाह्रै छ ।'

● **सवनम सिवाकोटी**, प्रवक्ता
कृषि तथा पशुपक्षी मन्त्रालय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले बिमाशुल्कमा दिने अनुदानबापतको रकम भुक्तानी नगरेपछि निर्जीवन बिमा कम्पनीहरूले १ चैतबाट कृषि तथा पशुपक्षी बिमा स्थगित गर्ने भएका छन् । सरकारले किसानलाई बिमाशुल्कमा दिने अनुदानबापत बिमा कम्पनीलाई दुई अर्ब शोधभर्ना भुक्तानी गर्नुपर्नेछ । सो रकम नपाए १ चैतबाट कृषि तथा पशुपक्षी बिमाको कारोबार स्थगित गर्ने कम्पनीहरूले चेतावनी दिएका हुन् । बुधबार सम्पन्न निर्जीवन बिमक संघको बैठकले यस्तो निर्णय गरेको हो ।

कृषि र पशुपक्षी बिमाको शुल्कमा सरकारले ८० प्रतिशत अनुदान दिनुपर्ने व्यवस्था छ । सोहीअनुसार कम्पनीले किसानबाट २० प्रतिशत मात्रै शुल्क लिने गर्छन् । तर, सरकारले पशुपक्षी बिमातर्फ गत आव ०७९/८० को भदौदेखि अनुदान दिएको छैन । पशुपंक्षी बिमातर्फ भन्डै डेढ अर्ब अनुदान बक्यौता छ । यसैगरी कृषि बिमातर्फ ०७९ चैतयताको अनुदान बक्यौता बाँकी छ । पटक-पटक ताकेता गर्दा पनि पैसा नपाएपछि कारोबार स्थगित गर्ने निर्णय गर्न बाध्य भएको संघका अध्यक्ष क्षेत्रीले बताए ।

'पटक-पटक ताकेता गर्दा पनि सरकारबाट पैसा प्राप्त गर्न सकिएन । सरकारले ८० प्रतिशत अनुदान रकम नै दिएको छैन । यता बिमित किसानलाई दाबी भुक्तानी भने दिइरहेका छौं । यतिको ठूलो रकम रोकिँदा कम्पनीको वित्तीय अवस्था प्रभावित हुन थालेको छ, उनले भने, 'तसर्थ, सरकारले यसलाई गम्भीर रूपमा लिनुपर्छ र तत्काल भुक्तानी दिनुपर्छ ।'

अनुदान रकम नपाएपछि यसअघि पनि कम्पनीले गत ७ जेठदेखि ६ असारसम्म यसको कारोबार स्थगित गरेका थिए । त्यसवेला भन्डै तीन अर्ब बक्यौता थियो । सरकारले बक्यौता भुक्तानी गर्ने प्रतिबद्धता गरेपछि कम्पनीले ७ असारबाट कारोबार सुचारु गरेका थिए । त्यसपछि भन्डै एक अर्ब हाराहारीमा सरकारबाट भुक्तानी भएको थियो । साथै, गत असारभित्रै सबै बक्यौता भुक्तानी गर्ने सरकारी प्रतिबद्धता थियो । तर, प्रतिबद्धताअनुसार पैसा नआएको र गत आवकै बक्यौता बाँकी भएपछि कारोबार स्थगित गर्ने निर्णय पुगेको कम्पनीको भनाइ छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता सवनम सिवाकोटी अर्यालले बजेट अभावकै कारण भुक्तानी दिन नसकेको स्वीकार गरिन् । 'यसपालि बजेट अभावकै कारण रकम भुक्तानी गर्न सकिएको छैन । यसका लागि आवश्यक बजेट उपलब्ध गराउन अर्थ मन्त्रालयमा प्रस्ताव पठाएका छौं । तर, त्यहाँबाट कुनै जवाफ आएको छैन,' उनले भनिन्, 'अर्थ मन्त्रालयबाट पैसा निकासा भएपछि भुक्तानी गर्न सकिन्छ । अन्यथा यसको भुक्तानी गर्न गाह्रै छ ।'

किसानले शतप्रतिशत पैसा दिए बिमा हुन्छ

यद्यपि, किसानले शतप्रतिशत बिमाशुल्क तिरेमा बिमा गर्न सकिने संघका अध्यक्ष क्षेत्रीले बताए । 'किसानले आफैं सबै बिमाशुल्क तिर्न तयार छन् भने हामी बिमा गर्न तयार छौं । तर, अनुदानमा भने यसको कारोबार हुँदैन,' उनले भने, 'यसैपनि उद्यारोमा बिमा गर्न नपाउने सरकारी नीति नै छ । तर, सरकार आफैं बिमाशुल्कको अनुदान भुक्तानी दिँदैन । अब हामी यसरी उधारोमा कृषि तथा पशुपक्षीको बिमाको कारोबार गर्दै छौं ।'

दाबी भुक्तानी पनि रोकिने

सरकारले अनुदानको रकम नदिएमा दाबी भुक्तानीसमेत रोक्ने तयारी बिमा कम्पनीहरूले गरेका छन् । यद्यपि, यसबारे औपचारिक निर्णय भने भइसकेको छैन । तर, चैत १ गतेबाट दाबी भुक्तानी पनि रोकिने एक कम्पनीका प्रमुख कार्यकारी अधिकृतले बताए । 'सरकारले पैसा भुक्तानी गरेमा दाबी भुक्तानी दिन समस्या छैन । तर, सरकारले पैसा दिएन भने १ चैतबाट दाबी भुक्तानी पनि रोकिन्छ । नयाँ दाबी भुक्तानी त रोकिने नै भयो । यसअघि प्रक्रियामा अघि बढेका दाबीको पनि भुक्तानी रोक्छौं,' उनले भने, 'यद्यपि, दाबीको आवेदन दर्ता भने गरेर राख्छौं ।'

पछिल्लो समय पशुहरूमा देखिएको लम्पी स्किन रोगका कारण कम्पनीहरूमा पशुबिमाको दाबी बढेको छ । त्यो अवस्थामा सरकारबाट पैसा नआएसम्म दाबी भुक्तानी गर्न पैसाकै अभाव हुने स्रोतको भनाइ छ ।

खेल र खेलाडीलाई एनसेलको साथ

काठमाडौं/ एनसेलले खेल र खेलाडीको अभिवृद्धि एवं विकासका लागि विभिन्न खेलमा आबद्धता जनाउँदै आएको बताएको छ। क्रिकेट, फुटबल, गल्फका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा नेपालको प्रतिनिधित्व गर्ने पारालम्पिक राष्ट्रिय खेलाडीलाई एनसेलले



सहयोग गरेको स्मरण गरेको छ।

मंगलबार सम्पन्न 'त्रिदेशीय टी-२० आई सिरिज २०२४' बाहेक हालै भएको आइसिसी लिग टु र नेपाल-क्यानडा एकदिवसीय सिरिजमा एनसेल 'कनेक्टेड बाई' साझेदारका रूपमा आबद्ध भएको थियो। 'हाम्रो साथ नेपाली क्रिकेटलाई' भन्ने थिमका साथ एनसेलले यी खेलमा सहयोग पुऱ्याएको जनाएको छ।

यसैगरी, 'हाम्रो साथ नेपाली फुटबललाई' भन्ने थिममा आधारित भई एनसेलले 'वीरगन्ज गोल्डकप' र 'झापा गोल्डकप'लगायतका फुटबल खेलमा आबद्ध भएको थियो। विगतमा पनि एनसेलले एन्फासँगको सहकार्यमा 'ए' डिभिजन, यू-१६, वुमन्स नेसनल च्याम्पियनसिप, वुमन्स नेसनल टिमका साथै क्रिकेटअन्तर्गत क्यानको प्राविधिक सहयोगमा 'एनसेल नेपाल प्रिमियर लिग' गरेको कम्पनीले बताएको छ।

त्यस्तै, 'हामी तपाईंकै लागि' भन्ने थिममा आधारित भई एनसेलले राष्ट्रिय पारालम्पिक समिति (एनपिसी) नेपालसँगको सहकार्यमा नेपाल पारालम्पिक टोलीलाई साथ र सहयोग प्रदान गर्दै आएको छ। चौथो एसियाली पारा खेलकुद २०२२ मा नेपाललाई इतिहासमै पहिलो पदक दिलाउन सफल पारा तेक्वान्दो खेलाडी पलेसा गोवर्धनलाई सम्मान गर्दै एनसेलले एक लाख रुपैयाँ नगद पुरस्कार पनि प्रदान गरेको थियो।

एनसेलले गत भदौमा आफ्नो सेवा सञ्चालनको १८औँ वार्षिकोत्सवका अवसरमा व्यावसायिक सामाजिक जिम्मेवारी (सिएसआर)अन्तर्गत एनपिसीसँग सहकार्य घोषणा गरेको थियो। यसअन्तर्गत कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा नेपालको प्रतिनिधित्व गर्ने पारालम्पिक राष्ट्रिय खेलाडीहरूको समग्र तालिम, विकास तथा प्रशिक्षणमा सहयोग गर्दै आएको छ।

भाटभटेनीको २७औँ शाखा दमकमा



काठमाडौं/ रिटेल चेन भाटभटेनी सुपरमार्केटको २७औँ शाखा झापाको दमकमा खुलेको छ। कम्पनीले यही फागुन २३ गते दमकमा भाटभटेनी सुपरमार्केट उद्घाटन गरेको हो।

सुविधाजनक सुपरमार्केटमा किनमेल गर्ने दमकवासीको चाहनालाई सम्मान गर्दै भाटभटेनी समूहले आफ्नो सेवा विस्तार गरेको कम्पनीले जनाएको छ। उद्घाटनका दिन हरेक सामानमा विशेष छुट दिइएको छ।

'ग्राहकको सन्तुष्टि हाम्रो लक्ष्य' नाराका साथ अघि बढेको भाटभटेनी सुपरमार्केट देशभरका ग्राहकले रुचाएको किनमेल गन्तव्यमा पर्छ। भाटभटेनीमा घरायसी आवश्यकताका सबै सामान पाइन्छन्।

काठमाडौं उपत्यकामा दर्जनभन्दा बढी सुपरमार्केट सञ्चालन गरिरहेको भाटभटेनीका सुपरमार्केट देशका सबैजसो प्रमुख सहरमा खुलिसकेका छन्। सन् १९८४ मा काठमाडौंको भाटभटेनीमा करिब १२० वर्गफिटको एउटा सटरमा सीमित कोल्डस्टोरबाट सुरु भएको भाटभटेनी रिटेल सेक्टरको ठूलो करदाता बनेको कम्पनीको भनाइ छ। करिब पाँच हजारजना पूर्णकालीन कर्मचारी रहेको भाटभटेनी सुपरमार्केटमा दैनिक आठ करोड रुपैयाँ हाराहारीको कारोबार हुने बताइएको छ।

नेपालमा डिपार्टमेन्टल स्टोर संस्कृतिको विकासमा समेत योगदान रहेको भाटभटेनी सुपरमार्केटमा ताजा तरकारी र फलफूलदेखि विश्वविख्यात ब्रान्डसमेतका गरी एक लाख ५० हजार थरी वस्तु पाइने कम्पनीले जनाएको छ।

२८ देशमा सस्तो डेटा रोमिङ सेवा दिँदै टेलिकम

काठमाडौं/ नेपाल टेलिकमले २८ देशका लागि सस्तो दरमा डेटा रोमिङ सेवा ल्याएको छ। विदेशमा नेपाल टेलिकमकै सिम प्रयोग गर्ने प्रयोगकर्तालाई लक्षित गरी पहिलेभन्दा झनै सस्तो दरमा डेटा रोमिङ सेवा उपलब्ध गराएको कम्पनीले जनाएको छ।

विदेशमा भएका नेपाल टेलिकमका प्रयोगकर्ताले रोमिङ सेवा प्रयोग गर्दा सबैभन्दा बढी डेटा रोमिङ सेवा प्रयोग गर्ने गरेको र सेवा सञ्चालनमा रहेको मुलुकमा रहेका रोमिङ पार्टनरसँग गरिएको सम्झौताअनुसार उक्त महसुलदरमा भारी कटौती भएकाले थप सस्तो दररेटमा सेवा सञ्चालन गरिएको कम्पनीको भनाइ छ।

टेलिकमको पोस्टपेड तथा प्रिपेड सिम प्रयोगकर्ताले विश्वका २८ देशका रोमिङ पार्टनरको नेटवर्कमा आबद्ध भई डाटा रोमिङ सेवा प्रयोग गर्दा सस्तो मूल्यमा डेटा सेवा पाउनेछन्।

यो सुविधा अस्ट्रिया, बहराइन, बंगलादेश, बेल्जियम, क्यानडा, चीन, ग्रिस, हंगेरी, आयरल्यान्ड, इजरायल, इटाली, जापान र कोरियामा उपलब्ध हुनेछ। त्यसैगरी मलेसिया, म्यानमार, नेदरल्यान्ड, ओमान, पाकिस्तान, फिलिपिन्स, कतार, साउदी अरेबिया, सिंगापुर, श्रीलंका, स्विजरल्यान्ड, युएई, युके, युएसए र भियतनाममा समेत सस्तो दरमा डेटा रोमिङ सेवा प्रयोग गर्न सकिने बताइएको छ।

परिमार्जित दररेट सस्तो र सुलभ हुने भएकाले रोमिङ सेवा प्रयोगकर्ताका लागि डाटा रोमिङ सेवा उपयोगी हुने र सेवा प्रयोग गर्ने परिपाटीमा वृद्धि हुने अपेक्षा कम्पनीको रहेको छ।

भुम्रेमा गरिमाको एक्सटेन्सन काउन्टर

काठमाडौं/ गरिमा विकास बैंकले स्याङ्जाको वालिङ नगरपालिका- ९ स्थित भुम्रेमा एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ। सो एक्सटेन्सन काउन्टरबाट ग्राहकले खाता खोल्न, नगद जम्मा गर्न, नगद झिक्न, रेमिट्यान्समार्फत रकम पठाउन र प्राप्त गर्नलगायतका बैंकिङ सुविधा प्राप्त गर्न सक्ने बताइएको छ।

बैंकले देशभरका १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउन्टर र ५१ वटा एटिएममार्फत सेवा प्रदान गर्दै आइरहेको छ।

नारी र सेना दिवसमा ज्योति क्यापिटलको निःशुल्क डिम्याट र मेरो सेयर सुविधा

काठमाडौं/ ज्योति क्यापिटल लिमिटेडले अन्तर्राष्ट्रिय नारी दिवसको अवसर र सेना दिवसका अवसरमा दुई योजना सार्वजनिक गरेको छ। बैंकले 'ज्योति क्यापिटल नारी सम्पन्नता' र 'ज्योति क्यापिटल नेपाली सेना सम्पन्नता' निःशुल्क डिम्याट र मेरो सेयर खाता योजना सार्वजनिक गरेको हो।

महिला तथा नेपाली सेनालाई पनि सेयर बजारतर्फ आकर्षित गरी आर्थिक रूपमा प्रेरित गर्ने उद्देश्यका साथ उक्त योजना ल्याएको कम्पनीले जनाएको छ। उक्त योजना अवधिभर नाबालकदेखि साबाल नारी तथा नेपाली सेनाले निःशुल्क डिम्याट र मेरो सेयर खोल्न पाउनेछन्। यी दुई योजना २४-३० फागुनसम्म ज्योति क्यापिटल लिमिटेड तथा ज्योति विकास बैंकको सबै शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

हरेक ग्राहकको सम्पन्नताको सहयात्री बन्ने अभिलाषा बोकेको यस ज्योति क्यापिटलले नेपाल धितोपत्र बोर्डमा मर्चेन्ट बैंकरको कार्य गर्न अनुमति प्राप्त गरी लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श, धितोपत्रको प्रत्याभूति सेवासमेत प्रदान गरिरहेको छ। साथै, ज्योति विकास बैंकको सहायक कम्पनीको रूपमा रहेको ज्योति क्यापिटलले ज्योति विकास बैंकसँगको सहकार्यमा डिम्याट सेवा पनि प्रदान गरिरहेको छ।

(दर्ता नं. : ४४३७ ०७३/०४७

माँ भगवती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ढल्कु १७ काठमाडौं, फोन : ०१-५३४८७५०, ९८५१००५५७२

घर-जग्गा बिक्रीको लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वान सम्बन्धमा

प्रकाशित मिति : २०८०/११/१८

तनहुँ जिल्ला सिञ्च्याङ काफलडाँडा वडा नम्बर २ ख को जग्गा यस सस्थाले लिलाम साकार गरेको र यस जग्गालाई बिक्री गर्ने निर्णय भएकोले इछुक व्यक्ति, संघ/सस्था वा निकायले खरिद गर्न चाहेको मूल्य खुलाई मिति २०८०/११/२५ गते सम्ममा यस सस्थाको केन्द्रीय कार्यालय ढल्कु-१७ काठमाडौं, नेपालमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

तपशिल

जग्गा धनी/ संस्थाको नाम	जिल्ला	गा. वि. स.	वडा नम्बर	कि.नं.	क्षे. फ.	कैफियत
माँ भगवती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	तनहुँ	सिञ्च्याङ काफलडाँडा	२ ख	५१८०	०-६-२-०	

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

UNITED MODI HYDROPOWER

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौं

फोन: ०१-४१६५११४, प्याक्स: ०१-४१६५११३

इमेल: unitedmodi@ntc.net.np वेबसाइट: www.umh.com.np

वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/११/२४ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/११/१३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७९/८० को वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारणसभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, समय र स्थान :**
   - **मिति** : २०८० चैत्र २९ गते बिहिबार (तद्अनुसार ११ अप्रिल, २०२४)
   - **समय** : विहान ११:०० बजे।
   - **स्थान** : कालिमाटि व्यैड्केट, कालीमाटी काठमाण्डौं।

२. **छलफलका विषयहरु :**

क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. कम्पनीको सञ्चालक समितिमा ४ (चार) सञ्चालक पदको निर्वाचन सम्बन्धमा।
५. अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने।

ख) विशेष प्रस्ताव

१. यस कम्पनीको शेयर लगानी रहेको श्री युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. द्वारा प्रबर्द्धित श्री मेवा खोला जलविद्युत आयोजना (५० मे. वा.) (आयोजना) मा लगानी गर्नका लागि श्री विद्युत नियमन आयोगद्वारा मिति २०८०/१०/२२ मा दिएको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने।
२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने तथा निष्काशन पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने तथा सो सम्बन्धि आवश्यक कार्यका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।

ग) विविध।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. साधारणसभा प्रयोजनको लागि मिति २०८०/१२/०७ गते एक दिनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/१२/०६ गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन पाउन योग्य हुनुहुनेछ।
२. आफ्नो मन्तव्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र unitedmodi@ntc.net.np मा इमेल गरी वा कम्पनी सचिवलाई advocatenp7@gmail.com मा इमेल गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउन अनुरोध गर्दछौं।
३. वार्षिक साधारणसभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रुपमा, साथमा लिई आउन हुन अनुरोध गर्दछौं। कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनी आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न सकिनेछ। नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा छलफल गर्न सक्नेछ। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
४. साधारणसभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको आधिकारीक Email: unitedmodi@ntc.net.np मा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ। प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ।
५. यसै साधारणसभाबाट कम्पनीको सञ्चालक समितिमा ४ (चार) जना सञ्चालकहरुको नियुक्त गर्नको लागि निर्वाचन गरिने भएकोले उक्त निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रिय कार्यालयमा रहेने निर्वाचन अधिकृतको कार्यालयमा मिति २०८०/१२/०९ गते प्रकाशित गरिनेछ र यस सम्बन्धी जानकारीहरु कम्पनीको वेबसाइट www.umh.com.np मा पनि हेर्न सकिनेछ।
६. निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने सर्वसाधारण समूहको मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनीले कम्पनीको नियमावलीको नियम २८ मा उल्लिखित न्यूनतम शेयर संख्या बराबर शेयर कित्ता लिएको (संगठित संस्थाको तर्फबाट उम्मेदवारी दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ।
७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्। संगठित संस्था वा कम्पनी शेयरधनी भएको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ।
८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको आधिकारीक Email:unitedmodi@ntc.net.np मा जानकारी दिन हुन अनुरोध छ।
९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा झोला लगायतका वस्तुहरु नलिई आउन अनुरोध छ।
१०. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

आफ्नो खातामा मोबाइल नम्बर अद्यावधिक गर्ने बारे सूचना

नबिल बैंक लिमिटेडका आदरणीय खातावाल महानुभावहरु,

यस नबिल बैंक लिमिटेडले तपाईंको खातामा भएका कारोबारहरुको जानकारी तपाईंको मोबाइलमा SMS बाट प्रदान गर्दै आएको छ। यदि तपाईंले उक्त SMS पाई रहनु भएको छैन भने, तपाईंलाई पायक पर्ने नबिल बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालयमा आफ्नो सक्कल नागरिकता वा फोटो सहितको अन्य कुनै परिचय पत्रसहित आफैं उपस्थित भई आफ्नो मोबाइल नम्बर आफ्नो खातामा यथाशीघ्र अद्यावधिक गर्नु हुन अनुरोध गर्दछौं।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८०/११/२४ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसीलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईंहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

विरगंज शाखा

(१) ऋणी : इश्वर थापा (ना.प्र.नं. १६०३१७०६४/१८३९, जारी मिति : २०४२/४/६, पर्सा)
बाबुको नाम : तेज बहादुर थापा, बाजे : शेर बहादुर थापा
ठेगाना : वीरगंज ४, पर्सा
व्यक्तिगत जमानीकर्ताहरु :
क) इश्वर थापा (ना.प्र.नं. १६०३१७०६४/१८३९, जारी मिति : २०४२/४/६, पर्सा)
बाबुको नाम : तेज बहादुर थापा, बाजे : शेर बहादुर थापा
ठेगाना : वीरगंज ४, पर्सा
ख) अनिता थापा (ना.प्र.नं. १६०३३३६६१, जारी मिति : २०६२/३/१२, पर्सा)
बाबुको नाम : नारायण बहादुर बालेन, पतिको नाम : इश्वर थापा
ठेगाना : वीरगंज ४, पर्सा
ग) महेश कुमार थापा (ना.प्र.नं. १६०३१९६३४, जारी मिति : २०४८/१/१८, पर्सा)
बाबुको नाम : तेज बहादुर थापा, बाजे : शेर बहादुर थापा
ठेगाना : वीरगंज ४, पर्सा
घ) बिन्दा कुमारी (ना.प्र.नं. ३५९, जारी मिति : २०५०/६/२०, रौतहट)
बाबुको नाम : गौरी शंकर, पतिको नाम : महेश कुमार थापा
ठेगाना : गौर ८, रौतहट
ङ) किसोर बहादुर थापा (ना.प्र.प.नं. १६०३०३१४७, जारी मिति : २०४१/८/२२, पर्सा)
बाबुको नाम : तेज बहादुर थापा, बाजे : शेर बहादुर थापा
ठेगाना : वीरगंज ४, पर्सा
कर्जा : व्यक्तिगत कर्जा ओ.डि.
धितो सुरक्षणको विवरण : शेर बहादुर थापाको नाती, तेज बहादुर थापाको छोरा, जि.पर्सा वीरगंज ४, बस्ने किसोर बहादुर थापा, इश्वर थापा र महेश कुमार थापाको नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता रहेको पर्सा जिल्ला, नगवा वी, वडा नं. १ स्थित कित्ता नं. ११०७ क्षे.फ. क्रमशः (०-०-७-०) को घरजग्गा र सम्पुर्ण लिगलगापात समेत।

(२) ऋणी : खैरुल खातुन
ठेगाना : रामपुरखाप ६, रौतहट, हाल- वीरगंज मा.न.पा. १, पर्सा,
ना.प्र.नं. ४७५२ जारी मिती : २०५८/११/१७
ससुरा : सैनुल मिया धोबी, पति : हाकिम मिया
व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री हाकिम मिया, बाबु : श्री सैनुल मिया धोबी, बाजे : श्री शोभी मिया
कर्जा : महालक्ष्मी होम ईक्युटी कर्जा
धितो सुरक्षणको विवरण : श्री सैनुल मिया धोबीको बुहारी, श्री हाकिम मियाको पत्नि, जिल्ला रौतहट, रामपुरखाप ६, हाल वीरगंज मा.न.पा. १, पर्सा बस्ने वर्ष ४२ को श्री खैरुल खातुनको नाममा मालपोत कार्यालय पर्सा दर्ता रहेको जिल्ला पर्सा बी.न.पा. वडा नं. १ स्थित कित्ता नं ८५, को क्षेत्रफल ००१३६.६ ब.मि. जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत।

लम्की शाखा

(१) ऋणीको नाम : डम्बर बहादुर रावल
ना.प्र.न. ७६७० मिति २०५९/११/०३, कैलाली
स्थायी ठेगाना : जिल्ला कैलाली जानकीनगर गा.वि.स. वडा नं. ५,
हालको ठेगाना : जिल्ला कैलाली जानकी गा.पा वडा नं. २, कैलाली।
बाबुको नाम : पैलु रावल, बाजेको नाम : नवल गिरी रावल
व्यक्तिगत जमानीकर्ताहरु :
क) जिल्ला कैलाली जानकीनगर गा.वि.स. ५, भई हाल जिल्ला कैलाली जानकी गा.पा. वडा नं. २, बस्ने नवल गिरी रावलको नाति, पैलु रावलको छोरा, वर्ष ३९ को डम्बर बहादुर रावल।
ख) जिल्ला कैलाली जानकीनगर गा.वि.स. ५, भई हाल जिल्ला कैलाली जानकी गा.पा. वडा नं. २, बस्ने मान बहादुर सोडारीको छोरी, पैलु रावलको बुहारी,डम्बर बहादुर रावलको पत्नि वर्ष ३४ को मन्जु कुमारी सोडारी (रावल)।
कर्जा : व्यक्तिगत ओ.डी. कर्जा
धितो सुरक्षणको विवरण : नवल गिरी रावलको नाति, पैलु रावलको छोरा, जिल्ला अछाम पुल्लेतोला गा.वि.स. वडा नं. १, स्थाई बसोबास भई हाल जानकी गा.पा. वडा नं. २, बस्ने डम्बर बहादुर रावलको नाममा मालपोत कार्यालय टीकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९/भ स्थित कि.न. ६५ को क्षे.फ. ५१०.०० ब.मि. भएको जग्गा, तथा सोको सम्पुर्ण लिगलगापात समेत।

डडेल्धुरा शाखा

(१) ऋणी : श्री दिल बहादुर भाट (ना.प्र.न. ७४१००२/२० जारी जिल्ला/मिति डडेल्धुरा २०६४/०१/०४)
बाबु : श्री तारा भाट, बाजे : श्री जोगी भाट
ठेगाना : डडेल्धुरा जिल्ला कोटेली गा.वि.स. वडा नं. ८ हाल डडेल्धुरा जिल्ला नवदुर्गा गा.पा. वडा नं. १
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री दिल बहादुर भाट, बाबु : श्री तारा भाट, बाजे : श्री जोगी भाट
(ख) श्री सारदा बोहरा भाट, बाबु : बिजय सिं बोहरा, ससुरा : श्री तारा भाट, पति : श्री दिल बहादुर भाट
(ग) श्री तारा भाट, बाबु : श्री जोगी भाट, बाजे : श्री बलविर भाट
(घ) श्री कलसा देवी भाट, बाबु : श्री लोक बहादुर भाट, ससुरा : श्री जोगी भाट, पति : श्री तारा भाट
(ङ) श्री डम्बर बहादुर भाट, बाबु : श्री तारा सिंह भाट, बाजे : श्री जोगी भाट
(च) श्री दिपक भाट, बाबु : श्री तारा भाट, बाजे : श्री जोगी भाट
ठेगाना : डडेल्धुरा जिल्ला नवदुर्गा गा.पा. वडा नं. १
कर्जा : व्यक्तिगत टर्म कर्जा
धितो सुरक्षणको विवरण : श्री लोक बहादुर भाटको छोरी, श्री जोगी भाटको बुहारी, श्री तारा भाटको पत्नि, डडेल्धुरा जिल्ला कोटेली गा.वि.स. वडा नं. ८ मा स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला नवदुर्गा गा.पा. वडा नं. १ बस्ने श्री कलसा देवी भाटको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला, भूमिराज गा.वि.स. वडा नं. २ (नक्सा सि.न. २/घ) स्थित कि.नं २७ को क्षे.फ. ०-६-१-१ (रो-आ-पै-दा) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

(२) ऋणी : श्री बुढाऐर मदिरा पसल (प्रो. यज्ञ बहादुर बुढाऐर)
प्रा.फ.र.नं. : ८३/९०८/०७१/०७२
दर्ता मिति : २०७१/०९/०८
पान नं. ६०२९८५२९३
दर्ता मिति : २०७१/१०/२३
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ५
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री यज्ञ बहादुर बुढाऐर, बाबु : श्री तिलक सिंह बुढाऐर, बाजे : श्री नैन सिंह बुढाऐर
(ख) श्री चन्द्रा देवी बुढाऐर, बाबु : श्री नरी सिं बिष्ट, ससुरा : श्री तिलक सिंह बुढाऐर, पति : श्री यज्ञ बहादुर बुढाऐर
ठेगाना : डडेल्धुरा जिल्ला बगरकोट गा.वि.स. वडा नं. ८ (हाल: डडेल्धुरा जिल्ला भागेश्वर गा.पा. वडा नं. ४)
(ग) श्री भरत बुढाऐर, बाबु : श्री यज्ञ बहादुर बुढाऐर, बाजे : श्री तिलक सिंह बुढाऐर
(घ) श्री शुरेश बुढाऐर, बाबु : श्री यज्ञ बहादुर बुढाऐर, बाजे : श्री तिलक सिंह बुढाऐर
ठेगाना : डडेल्धुरा जिल्ला भागेश्वर गाउँपालिका वडा नं. ४
कर्जा : औद्योगिक टर्म कर्जा र महालक्ष्मी उद्यमशिल कर्जा
धितो सुरक्षणको विवरण : श्री तिलक सिंह बुढाऐरको बुहारी, नरी सिं बिष्टको छोरी, यज्ञ बहादुर बुढाऐरको श्रीमती, डडेल्धुरा जिल्ला बगरकोट गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला भागेश्वर गाउँपालिका वडा नं. ४ बस्ने श्री चन्द्रा देवी बुढाऐरको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स. वडा नं. ६ (नक्सा सि.न. ६/ख) स्थित कि.नं २०७४ को क्षे.फ. ०-३-२-२ (रो-आ-पै-दा) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

(३) ऋणी : श्री नरेश कैनी (ना.प्र.न. ७४१००१/८७०, जारी जिल्ला/मिति डडेल्धुरा २०६५/१०/०८)
बाबु : डम्बर बहादुर पार्की, बाजे : जयभान पार्की
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ७
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री नरेश कैनी, बाबु : डम्बर बहादुर पार्की, बाजे : जयभान पार्की
(ख) श्री जानकी बि.क. (कैनी), ससुरा : डम्बर बहादुर पार्की, बाबु : मनि कोली, पति : नरेश कैनी
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ७
कर्जा : व्यक्तिगत ओ.डि. कर्जा
धितो सुरक्षणको विवरण : श्री जयभान पार्कीको नाती, डम्बर बहादुर पार्कीको छोरा, डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ७ ठेगाना भएको नरेश कैनीको नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडे

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
बिहीबार २४ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

टी-२० विश्वकप तयारीका लागि पाँच करोड निकासा

नयाँ पत्रिका



फाइल तस्बिर

नेपाल सरकारले आइसिसी पुरुष टी-२० विश्वकपको तयारीका लागि नेपाली टोलीलाई पाँच करोड रुपैयाँ निकासा गरेको छ । वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकपको तयारीका लागि नेपाल क्रिकेट संघ (क्यान)ले राष्ट्रिय खेलकुद परिषद्मार्फत सरकारसँग बजेट माग गरेको थियो । अर्थ मन्त्रालयले बुधबार विश्वकपको तयारीका लागि पाँच करोड रुपैयाँ निकासा गरेको परिषद्का सदस्यसचिव टंकलाल घिसिङले जानकारी दिएका छन् । सदस्यसचिव घिसिङले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, अर्थ मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयलाई धन्यवाद दिएका छन् ।

'नेपाली टोलीले क्रिकेटको विश्वकपजस्तो ठूलो प्रतियोगिता खेल्दै छ । विश्वकपको तयारीका लागि परिषद्ले युवा तथा खेलकुद मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा रकम निकासाका लागि सिफारिस गरेको थियो । खेलकुदको महत्वलाई बुझेर रकम निकासा गर्न सहयोग गर्ने प्रधानमन्त्रीज्यू, अर्थ मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयप्रति धन्यवाद दिन चाहन्छु,' सदस्यसचिव घिसिङले भनेका छन् ।

दुई महिनाअघि नेपालमै आयोजना भएको आइसिसी टी-२० विश्वकपको एसिया छनोटमा नेपालले सेमिफाइनलमा युएईलाई आठ विकेटले हराउँदै विश्वकपको स्थान पक्का गरेको थियो । नेपालले १० वर्षपछि दोस्रोपटक टी-२० विश्वकप खेल्न लागेको हो । तत्कालीन कप्तान पारस खड्काको कप्तानीमा नेपालले पहिलोपटक सन् २०१४ को विश्वकपमा सहभागिता जनाएको थियो । बंगलादेशमा भएको टी-२० विश्वकपमा नेपालले पहिलोपटक अफगानिस्तान र हडकडलाई हराएको थियो ।

> अमेरिका र वेस्ट इन्डिजमा हुने आइसिसी पुरुष टी-२० विश्वकपको तयारीका लागि सरकारले बुधबार नेपाली टोलीलाई पाँच करोड निकासा गरेको छ

दोस्रोपटक टी-२० विश्वकप खेल्न लागेको नेपाली टोलीको कप्तानी रोहितकुमार पौडेलले गर्दै छन् । यसपटक नेपाल रहेको समूह 'डी'मा दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्यान्ड्स रहेका छन् । नेपालले पहिलो खेल ४ जुनमा नेदरल्यान्ड्ससँग अमेरिकाको टेक्ससमा खेल्नेछ । दोस्रो खेल ११ जुनमा श्रीलंकासँग अमेरिकाकै फ्लोरिडामा खेल्नेछ । त्यसपछि बाँकी दुई खेल वेस्ट इन्डिजको सेन्ट भिन्सेन्टमा हुनेछ । १४ जुनमा दक्षिण अफ्रिका र १६ जुनमा बंगलादेशविरुद्ध खेल्ने तालिका रहेको छ ।

परिषद्का सदस्यसचिव घिसिङले नेपाल टी-२० विश्वकपमा पुगेपछि प्रधानमन्त्री प्रचण्डले आवश्यक तयारीमा कमी हुन नदिने विश्वास दिलाएको बताए । 'प्रधानमन्त्री प्रचण्डज्यूले नेपाली टोलीको तयारीका लागि लाग्ने खर्चमा कुनै कमी हुन नदिने प्रतिबद्धता दिनुभएको थियो । उहाँको आज प्रतिबद्धता पूरा भएको छ,' घिसिङले भने, 'अब खेलाडीले उच्च मनोबलका साथ तयारी गर्दै विश्वकपमा उत्कृष्ट प्रदर्शन गरी नेपालको प्रतिष्ठा अझ वृद्धि हुने विश्वास छ ।'

गण्डकी प्रदेशका नौ खेलाडीले भत्ता पाए

कास्की/ गण्डकी प्रदेश सरकारले ओलम्पिक खेलाडीलाई मासिक पाँच हजार रुपैयाँ भत्ता दिन सुरु गरेको छ । प्रदेश सरकारको चालू आर्थिक वर्ष ०८०/८१ को बजेटमा नेपालबाट प्रतिनिधित्व गर्दै विभिन्न ओलम्पिक खेलमा भाग लिएका गण्डकीका खेलाडीलाई सम्मान गर्दै प्रोत्साहनस्वरूप मासिक भत्ता उपलब्ध गराउने गराएको हो । चालू वर्षदेखि लागू गरिएको व्यवस्थाअनुसार बुधबार नौजना ओलम्पियनलाई मासिक भत्ता प्रदान गरिएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उनीहरूलाई चालू एक वर्षको मासिक भत्ता बैंक खातामा जाने गरी हस्तान्तरणसँगै सम्मान गरेका छन् ।

ओलम्पियनमा बाग्लुङकी भगवती खत्री, कास्कीकी मनीषा अधिकारी, गोरखाका टीकाबहादुर बोगटी, ऋषिराम प्रधान, ज्ञानबहादुर बोहरा, तनहुँका सीताराम शाही, राजेन्द्रबहादुर भण्डारी, नारायणबहादुर गुरुङ र नवलपुरका तिलकराम थारू रहेका छन् ।

■ झापा गोल्डकप

आर्मी सेमिफाइनलमा

झापामा चिरञ्जीवी घिमिरे

चारपटकको च्याम्पियन त्रिभुवन आर्मी फुटबल क्लब छैटौं झापा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । पहिलोपटक सहभागिता जनाएको मच्छिन्द्र फुटबल क्लबलाई २-१ ले हराउँदै आर्मी अन्तिम चारमा पुगेको हो । आर्मीको जितमा नवयुग श्रेष्ठ र वसन्त जिम्बाले एक-एक गोल गरेका थिए । यस सिजनको सर्वाधिक सफल क्लब मच्छिन्द्र अग्रता जोगाउन नसक्दा क्वार्टरफाइनलबाटै बाहिरिएको हो । आर्मीले फाइनल प्रवेशका लागि शुक्रबार एपिएफविरुद्ध प्रतिस्पर्धा गर्नेछ । आर्मीले लगातार दोस्रोदेखि पाँचौं संस्करण जितेको थियो ।

खेलको ११औं मिनेट मच्छिन्द्रका विदेशी खेलाडी स्टेफन बिनोडले १-० को अग्रता गोल गरेका थिए । हिसुब थपलियाको पासमा बिनोडले गोल गरेका हुन् । एक महिनाको अन्तरमा मच्छिन्द्रले केपी ओली कप र बागमती गोल्डकप कप उपाधि जितेको थियो । पहिलो हाफमा आर्मीले बराबरी गोल फर्काउने प्रयास जारी राखेको थियो । खेलको ६१औं मिनेटमा आर्मीले १-१ को बराबरी गोल फर्काएको थियो ।

आर्मीका लागि नवयुगले बराबरी गोल गरेका हुन् । उनले वसन्तको हेडिङमा सहजै गोल गरे । बराबरी गोल हुनुमा मच्छिन्द्रका डिफेन्डरको समेत कमजोरी देखिएको थियो । खेलको ८०औं मिनेटमा आर्मीका वसन्त जिम्बाले २-१ को अग्रता दिलाए ।

■ सूर्य नेपाल च्यालेन्ज

एमेच्योर सद्भावको अग्रता यथावत्

काठमाडौं/ एमेच्योर गल्फर सद्भाव आचार्यले सूर्य नेपाल गल्फ टुर २०२३/२४ अन्तर्गतको पाँचौं सूर्य नेपाल च्यालेन्जको तेस्रो दिन बुधबार तीन स्ट्रोकको अग्रता निकालेका छन् । उनको शीर्ष स्थान कायमै रहेको छ । रोयल नेपाल गल्फ क्लबमा प्रतियोगिताको साबिक विजेतासमेत रहेका युवा गल्फर सद्भावले समग्रमा ७ अन्डर १९७ स्कोर गरेका छन् ।

उनले पूर्व नम्बर एक गल्फर रवि खड्कालाई तीन स्ट्रोकले पछि पारेका छन् । रवि समग्रमा ४ अन्डर २०० स्कोरका साथ दोस्रो स्थानमा उक्लिएका छन् । भुवन नगरकोटीले दिनकै उत्कृष्ट स्कोर कार्ड तयार पार्ने क्रममा ५ अन्डर ६३ स्कोर गरे । भुवनले समग्रमा ३ अन्डर २०१ स्कोर गरेका छन् । उनी तेस्रो स्थानमा उक्लिए । धनबहादुर थापाले तेस्रो दिन इभन पार ६८ स्कोर गरेका थिए । उनले खेल सकाउँदा समग्रमा २ अन्डर २०२ स्कोर गरे । भेट्रान प्रोफेसनल गल्फर दीपक मगरले समग्रमा इभन-पार २०४ स्कोर गरी पाँचौं स्थान रक्षा गरेका छन् । २ ओभर २०६ सहित सञ्जय लामा छैटौं स्थानमा छन् ।

उपाधि रक्षा गर्ने अभियानमा रहेका सद्भावले पहिलो होलमा नै बोगी खेपे । तर, उनले उत्कृष्ट पुनरागमन गर्दै दोस्रो होलमा बर्डी र ५ पारको चौथो होलमा इगलको सफलता प्राप्त गरे ।

कबड्डीको सुपर लिग सुरु

काठमाडौं/ अखिल नेपाल कबड्डी संघको आयोजनामा पुरुष तथा महिला कबड्डी सुपर लिग बुधबारदेखि राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा सुरु भएको छ । पहिलो दिन पुरुषमा नेपाल आर्मीले एपिएफलाई ३९-२२ ले पराजित गऱ्यो । पुरुषमै नेपाल प्रहरी क्लबले उपत्यका टोलीबाट वाकओभर पाएको आयोजकले जनाएको छ । महिलातर्फ प्रहरीले एपिएफलाई ३८-३० ले हरायो । प्रतियोगिताको राखेपका पूर्वउपाध्यक्ष पीताम्बर तिम्सिनाले एक कार्यक्रमबीच उद्घाटन गरे । पुरुष तथा महिलातर्फका विजेताले समान २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

Civil Aviation Authority of Nepal
Rescue and Fire Fighting Department
Babarmahal, Kathmandu, Nepal

Invitation for Sealed Quotation

First Publication Date: 2080/11/24

1. Civil Aviation Authority of Nepal, Rescue and Fire Fighting Department invites sealed Quotation from the registered Suppliers for the supply and delivery of Smoke Ejector.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rescue and Fire Fighting Department, Babarmahal, Kathmandu, Nepal. Contact: rffdept@caanepal.gov.np. 01-5319434, 01-01-5362416 Ext. 311/312
3. A complete set of Bidding Document may be purchased from the office of ***Rescue and Fire Fighting Department, Babarmahal, Kathmandu, Nepal,*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 + VAT. The cash should be deposited in ***Deposit Account No. 0010012611500043*** at NMB Bank Babarmahal, in name of revenue account name ***Civil Aviation Authority of Nepal till 09th Chaitra*** 12:00 noon during office hours.
4. Sealed bids must be submitted to the office of ***Rescue and Fire Fighting Department, Babarmahal, Kathmandu, Nepal,*** by hand before 12:00 noon on the 16th days of the first publication. Bids received after this deadline will be rejected.
5. The bids will be opened in presence of the Bidder's representatives who choose to attend at 14:00 PM, 16th days of first publication date of bid at the office of Rescue and Fire Fighting Department, Babarmahal, Kathmandu, Nepal.
6. Bid must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum ***NRs 35,300/-*** which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash should be deposited in **Account No. 5444050568352401** at NIC Asia Bank Thapathali in account name ***Civil Aviation Authority of Nepal*** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation without assigning any reason, whatsoever.
9. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act, 2063 and Procurement Regulation, 2064 of the GoN.

Gandaki Provincial Government
Ministry of Social Development and Health
Province Public Health Laboratory
Gandaki Province
Pokhara, Nepal

Notice of Intention to Award

Date of Notice: 07th Mar, 2024 (24th Falgun, 2080)

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on National News Paper PPHL, Gandaki intends to award the contracts to the same.

S.N.	IFB no	Name of Successful Bidder	Total Amount NPR (Inclusive of VAT)
1	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 1 Roche Cobas e411 consumables	Diagnotech Support PVT LTD. Ktm.	1579853.00
2	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 2 Autolumo A1000 consumables	Nepal Meditech and Surgitech PVT LTD. Ktm	1595108.00
3	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 4 Bio-RAD D10 HPLC consumables	Chamunda Trading House. Ktm.	176393.00
4	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 5 Molecular Biology consumables	Life Sciencessolution PVT LTD. Ktm	573475.00
5	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 6 Coagulation analyzer consumables (Mindray)	National Laboratory and Medical Trading Concern. Pkr	77721.40
6	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 7 Biochemsitry consumables	Gautam International Pvt. Ltd. Ktm.	300703.17
7	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 8 Cytology consumables	Gautam International Pvt. Ltd. Ktm.	110525.30
8	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 9 Hematology consumables	Gautam International Pvt. Ltd. Ktm.	144758.65
9	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 10 Microbiology consumables	Gautam International Pvt. Ltd. Ktm.	548130.23
10	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 12 EQAS	National Laboratory and Medical Trading Concern. Pkr	233345.00
11	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 13 Sample Vials	Rana Science and surgical House. Pkr.	62692.40

Note:

S.N.	IFB no	Remarks
1	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 3 Dymind DH-615 consumables	Has Been Cancelled
2	PPHL/G/NCB-1/2080-81 (Procurement of Laboratory Consumables) Slice 11 Rapid Kits	

Director General

Gandaki Provincial Government
Ministry of Social Development and Health
Province Public Health Laboratory
Gandaki Province
Pokhara, Nepal

Re-Invitation for Electronic Bids

Procurement of Laboratory Consumables
IFB No. PPHL/G/NCB-1/2080-81

Date of publication: **07 March, 2024 (Falgun 24, 2080)**

1. Gandaki Provincial Government has allocated the fund and intends to apply part of the funds to cover eligible payments under the Contract **Procurement of Laboratory Consumables.** Bidding is open to all eligible Bidders from all countries.
2. **The Ministry of Social Development and Health, Province public Health Laboratory invites electronic bids from eligible bidders for the Procurement of Laboratory Consumables, National competitive bidding procedures specified as Public Procurement Act and Regulations.** *The bidder may submit the bid for single or more slices as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser for NCB-1.*

Slices	Items name	Bid Security amount in NPR	Bid security Validity Date
1	Dymind DH-615 consumables	18000	20 july, 2024
2	Rapid kits	57000	

3. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Province public Health Laboratory Kaski Pokhara, on GOV office time and www.bolpatra.gov.np/egp
4. Bidder must purchase their bid electronically from PPMO's e-GP II system www.bolpatra.gov.np/egp. Bidders **should deposit the cost of bidding document NPR. 3000** in the following Rajaswa (revenue) account as specified below.

   Name of the Bank : **Rastriya Banijya Bank, Prithiwi Chowk Pokhara**
   Name of the Office : **Province public Health Laboratory**
   Office Code No. : **3500639014**
   Office Account No. : **1000100200010000**
   Revenue Head No. : **14229**

5. Electronic bids must be submitted to the Province public Health Laboratory Pokhara through PPMO's e-GP II system www.bolpatra.gov.np/egp on or before **12:00 hour (local time)** on**, March 22, 2024 (Chaitra 09, 2080).**
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hour (Local time March 22, 2024 (Chaitra 09, 2080)** at the office of Province Public Health LaboratoryPokhara. Bids must be valid for a period of **90 days** counting from the day of bid opening. All bids must be accompanied by bid security not less than above mention table's amount, which shall be valid for minimum 30 days beyond the bid validity period**.**
7. A pre-bid meeting will be arranged on **15 march 2024 at 13:00 PM** at Province Public Health Laboratory Gandaki Province Pokhara Nepal. Interested bidders are requested to attend on the meeting.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original

Director General

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com